दर्ता नं. ४०३५।०६९।०७०

# जनबल बचत तथा ऋण सहकारी संस्था लि.

## Janabal Saving & Credit Co-operative Society Limited

**केन्द्रीय कार्यालयः** का.म.न.पा.-२५, केलटोल-भेडासिं, काठमाडौं, नेपाल । फोन नं.: ०१-४२३१७२५, ०१-४२२२३५२

**सदस्य सेवा केन्द्रः** सामाखुसी, काठमाडौं, फोन नं.: ४३८२७३२, ४३८२७३३ । चावहिल, काठमाडौं, फोन नं.: ४५८८४४७, ४५८८४४८

E-mail: janabalsnc@yahoo.com, janabalsaving@gmail.com

च.नं.: ९०/०७८/०७९ मितिः २०७८/०९/०५

श्री ............................................................ ज्यू,

.................................................................

**बिषय : नवौं बार्षिक साधारण सभामा उपस्थिति हुने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस जनबल बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०७८/०८/२९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम विश्वव्यापी महामारी कोभिड १९ को कारणले नेपाल सरकार सहकारी बिभागद्धारा लागु गरिएको मापदण्डहरुलाई पालना गर्दै यस संस्थाको नवौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बसि निम्न प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्नुपर्ने भएकोले उक्त सभामा शेयरसदस्य महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम :**

| | |
|---|---|
| मिति | :- २०७८ साल पौष २४ गते शनिबार |
| स्थान | :- त्रिभुवन पार्क, थानकोट |
| फोन नं. | :- ९८४१२०५२४५, ९८४९३००११७, ९८४९५७३३४७ |
| सभा शुरु हुने समय | :- बिहान १०:०० बजे देखि |

**सभामा छलफल हुने विषयहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.ब. ०७७/०७८ को बार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखा समितिको तर्फबाट लेखा सुपरिवेक्षण समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व. ०७७/०७८ को लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
४. चालु आ.ब. ०७८/०७९ को लेखा परिक्षक गर्न लेखा परीक्षकको नियुक्ती तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. संचालक समितिबाट नियमित कारोबार संचालन गर्न आ.ब. ०७७/०७८ को बिभिन्न मितिमा भएका निर्णयहरुको अनुमोदन गर्ने सम्बन्धमा ।
६. संस्थाको संचालक समितिबाट पेश हुने बचत परिचालन कार्यविधि, कर्जा लगानी तथा असुली कार्यविधि, सम्पति शुद्धिकरण निवारण कार्यविधि, कर्मचारी नियमावली पारित गर्ने सम्बन्धमा ।
७. संस्था एकिकरण, कार्यक्षेत्र विस्तार तथा सदस्य सेवा केन्द्र खोल्ने सम्बन्धमा ।
८. शेयर पूँजी बढाउने सम्बन्धमा ।
९. घर जग्गा तथा सवारी साधन खरिद बिक्री सम्बन्धमा ।
१०. संस्थाको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने चालु आ.ब. ०७७/०७८ को नीति तथा कार्यकम एबं बजेट उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
११. संस्थाको संचालक समिति लगायत अन्य समितिहरुको भत्ता तथा सुबिधा र प्रबन्ध निर्देशकको पारिश्रमिक तथा सुबिधाका सम्बन्धमा छलफल गरि पारित गर्ने सम्बन्धमा ।
१२. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नको लागि प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा ।
१३. विविध ।

द्रष्टव्यः

१. साथै साधारण सभा सम्बन्धी अन्य जानकारी कार्यालयको सूचना पाटी तथा संस्थाको आधिकारीक वेबसाइटमा समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।
२. साधारण सभामा उपस्थिती जनाउन असमर्थ हुने सदस्यहरुले संस्थाका बजार प्रतिनिधि मार्फत साधारण सभामा आवश्यक राय सुझाव सहित उपस्थित जनाउन सक्नुहुनेछ ।
३. कोभिड १९ को कारण उपस्थिति हुन नसक्ने शेयर सदस्यहरुलाई विद्युतिय माध्यमबाट साधारण सभाको जानकारी गराइनेछ ।

.................

रामचन्द्र रिजाल
सचिब
संचालक समितिको आज्ञाले

# परिचय

काठमाडौं, नेपाल
२०६९

नेपाल सरकारले जनसमक्ष ल्याएको सहकारी अभियानलाई मूर्तरुप दिन र सदस्यहरुलाई बचत गर्ने बानी बसाली संकलित पूँजीबाट नेपाल सरकारको उदार र खुला आर्थिक नीतिका कारण बढ्दै गएको औद्योगिक विकासमा सहकारी क्षेत्रको सहभागिता मार्फत टेवा पुऱ्याउने उद्देश्यबाट अभिप्रेरित भई यस जनबल बचत तथा ऋण सहकारी संस्था लि. तत्कालिन सहकारी ऐन २०४८ बमोजिम २०६९ साल भाद्र ०६ गते सहकारी बिभाग, डिभिजन सहकारी कार्यालय काठमाण्डौमा दर्ता नं. ४०३५ मा दर्ता भई २०६९ साल आश्विन २० गते देखि सदस्य महानुभावहरु माझ सेवा पुऱ्याउदै आएको छ । संस्थाले हाल काठमाण्डौ जिल्ला कार्यक्षेत्र कायम गरि सेवा प्रदान गर्दै आएको छ । संस्थाले काठमाण्डौको चाबहिल र सामाखुशीबाट समेत सदस्य सेवा केन्द्र मार्फत थप सेवा सुविधा दिदै आएकोछ । संस्थाबाट सदस्यहरुलाई बचत तथा ऋणको अतिरिक्त विभिन्न विप्रेषण कम्पनिहरुको सहकार्यमा आन्तरिक तथा बाह्य रेमिटान्स सेवा सुविधा समेतको व्यवस्था गरिएको छ ।

# विषय सूची




सञ्चालक समितिको प्रतिवेदन ........ ५
लेखा समितिको प्रतिवेदन ........ ८
लेखा परिक्षकको प्रतिवेदन ........ ९
वासलात ........ १२
नाफा नोक्सान बाँडफाँड ........ १३
इक्विटिमा भएको परिवर्तन सम्बन्धि विवरण ........ १४
नाफा नोक्सान ........ १५
स्थिर सम्पत्ती ........ १६
नगद प्रवाह ........ १७
अनूसूचिहरु ........ १८
प्रमुख लेखा निति तथा टिप्णी ........ २५
प्रबन्ध निर्देशकको मन्तव्य ........ ३१

# सञ्चालक समितिको प्रतिवेदन

## आर्थिक बर्ष २०७७/७८

**आदरणीय शेयरसदस्य महानुभावहरु,**

यस जनबल बचत तथा ऋण सहकारी संस्था लि. को नवौं वार्षिक साधारण सभामा निमन्त्रणा स्विकार गरि पाल्नु भएका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यूहरु संचालक समितिका पदाधिकारी ज्यूहरु, लेखा समितिका पदाधिकारी ज्यूहरु, ऋण उप समितिका पदाधिकारी ज्यूहरु, संस्थामा कार्यरत कर्मचारी साथीहरु, संचारकर्मीमहानुभावहरु, कोभिड १९ को कारणले प्रत्यक्ष रुपमा सहभागी हुन नसकी संस्थाको फेसबुक पेज मार्फत प्रत्यक्ष प्रसारण अवलोकन गरिरहनु भएका सम्पुर्ण महानुभावहरु तथा यस साधारण सभामा विभिन्न क्षेत्रबाट उपस्थित हुनु भएका सम्पुर्ण शेयर सदस्य महानुभावहरुमा संचालक समितिको तर्फबाट हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दै संस्थाको नवौं वार्षिक प्रगती प्रतिवेदन ०७७/७८ यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु। यसरी वार्षिक प्रगती प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा म लगायत संचालक समितिका सबै सदस्यहरु हर्षित र गौरवान्वित भएका छौं।

**शेयरसदस्य महानुभावहरु,**

यहाँहरुको वित्तीय आवश्यकतालाई पुरा गर्ने प्रमुख उद्देश्यका साथ सबै शेयरसदस्यहरुको सामुहिक लगानिमा ९ बर्ष अघि यस जनबल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना भएको हो। संघीय प्रणाली अनुरुप हाल बागमती प्रदेशको भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, हटौडा, नेपालमा दर्ता कायम रहेको यस संस्थाको कार्यक्षेत्र हाल काठमाण्डौं जिल्लाभर रहेको व्यहोरा अवगत गराउन चाहन्छु। प्रचलित सहकारी ऐन नियमावली तथा निर्देशिका बमोजिम यस संस्थाको कार्यक्षेत्र बिस्तार तथा थप सदस्य सुविधा केन्द्र स्थापनाको लागि यस सभामा प्रस्तावित गरिएको व्यहोरा समेत अनुरोध गर्दछु। शेयर सदस्य महानुभावहरुको आवश्यकता अनुसार सर्वसुलभ स्तरीय आधुनिक सेवा मार्फत सहकारी अभियानमा सामेल गराई सेवा सुबिधा दिइरहेको यस संस्थाले कोरोना भाइरस (कोभिड–१९) को विश्व महामारीको विषम परिस्थितिमा समेत आवश्यक सुरक्षा मापदण्डको पालना गरि सेवा प्रवाह गरेको व्यहोरा यहाँहरु सवैमा बिदितै छ। साथै कर्जा लिनु हुने शेयर सदस्यहरुलाई कोभिड छुट बापत हर्जना व्याज छुट गरिएको व्यहोरा समेत जानकारी गराउदछु। यस संस्थालाई सबैजानाको साझा संस्थाको रुपमा बिकास गर्न संचालक समिति लेखा सुपरिवेक्षण समिति लगायत सम्पुर्ण कर्मचारीसाथीहरु अहोरात्र खटिरहनुभएको छ।

नेपाल सरकारको संबैधानिक व्यवस्था बमोजिम नयाँ संबिधान कार्यन्वयन को चरणमा प्रवेश गरि केन्द्रीय सरकार प्रदेश सरकार र ७५३ स्थानिय तहमा स्थानीय सरकार समेत गठन भई कार्यान्वयन भइसकेको नेपालको संबिधान २०७२ मा आर्थिक क्षेत्रको प्रमुख आधार स्तम्भको रुपमा सहकारीलाई स्विकार गरिएको र सहकारी क्षेत्रले पनि समग्र अर्थ व्यवस्थामा आफनो अतुलनिय योगदान गरिरहेको वर्तमान परिप्रेक्षमा यस क्षेत्रको महत्व थप उजागर भएको महसुस भएको छ। "सबैका लागि एक र एकका लागि सबै" भन्ने दर्शन बाट प्रभावित भई सामुहिकताको आधारमा गुठी, पर्म, पैंचो, ढुकुटी बाट बिकशित हुदै आएको सहकारीताको आधुनिक चरण भने सन १८४४ मा बेलायत बाट शुरु भएको मानिन्छ। नेपालमा भने सन १९५६ बि.सं. २०१३ मा चितवनमा बखान सिहं ऋण सहकारी संस्थाको स्थापना भए पश्चात विधिवत शुरुवात भएको मानिन्छ, हाल सहकारी बिभागबाट प्रकाशित प्रतिबेदन अनुसार हाल देशभर सहकारी संस्थाहरुको कुल संख्या २९ हजार ८ सय ८६ रहेको छ जसमा कुल ७३ लाख ७ हजार ४६२ सदस्यहरु आवद्ध रहेको छ। यस क्षेत्रमा करिब ९४ अर्व १० करोड शेयर पूँजी ४ खर्ब ७७ अर्व ९६ करोड बचत ४ खर्ब २६ अर्व २६ करोड कर्जा परिचालन भएको तथ्यांक रहेको छ। साथै ८८ हजार ३०९ जनाले प्रत्यक्ष रोजगारी पाएको अनुमान गरिएको छ भने अप्रत्यक्ष रुपमा विभिन्न पेशा उद्योग व्यापार सेवा तथा व्यवसाय मार्फत लाखौं व्यक्तिहरुलाई रोजगारी प्रदान गरि आर्थिक सामाजिक विकाशमा योगदान पुर्‍याएको छ। यसरी हेर्दा नेपालमा पनि सहकारी संस्थाहरुले निकै गति लिएको पुष्टि हुन्छ।

यहाँहरुको यस संस्था बागमती प्रदेश अन्तर्गत प्रादेशिक नियामकिय क्षेत्राधिकारमा रहेकाले बागमती प्रदेश सहकारी ऐन २०७६ तथा प्रदेश सहकारी नियमावली २०७७ तथा यस अन्तर्गतका सहकारी संचालन मापदण्ड तथा निर्देशिका र संस्थाको बिनियम बमोजिम संचालन हुने हुदा सदस्यहरुको वृहत्तर हितमा विभिन्न कार्यक्रमहरु संचालन गरि उत्पादन मुलक अर्थव्यवस्था, रोजगरिको सिर्जना बिचौलिया प्रणालीको अन्त्य र आर्थीक समस्याको समाधानमा संस्थाले महत्व पूर्ण योगदान गरेको छ भन्ने हामीलाई लागेको छ। यस सफलतामा साथ दिनुहुने सम्पुर्ण सदस्य महानुभावहरु, कर्मचारी वर्गहरु लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग र साथ दिनुहुने अन्य सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यबाद व्यक्त गर्दछु साथै आगामी दिनहरुमा पनि यस्तै सहयोग र साथको अपेक्षा गर्दछु। राष्ट्रिय सहकारी निती २०६९ जारी भइसकेको, सहकारी क्षेत्र राष्ट्रिय प्राथमिकतामा परिसकेको र यसको दिगो विकास हुन गई आगामी दिनमा अर्थतन्त्रको बलियो खम्बाको रुपमा स्थापित हुने निश्चित छ।

२०७४ साल असोज २ गते व्यवस्थापिका संसदबाट नयाँ सहकारी ऐन २०७४ पारित भई २०७४ कात्तिक १ गते सम्माननीय राष्ट्रपति ज्यू बाट प्रमाणितकरण भए पश्चात लागु भईसकेकोले यसले सहकारी अभियानलाई थप टेवा मिलेको अनुभुति भएको छ। साथै ३ नं प्रदेश संसदबाट नया प्रदेश सहकारी ऐन २०७६ पारित भई २०७६ साल जेठ १३ गते सम्मानिय प्रदेश प्रमुख ज्यू बाट प्रमाणिकरण भए पश्चात लागु भइ सकेकोले यसले सहकारी अभियान लाई थप टेवा मिलेको अनुभुति भएको छ।

**सदस्य महानुभावहरु,**

आजको प्रतिस्पर्धात्मक बजारमा यति धेरै सहकारीहरुको भिडमा स्थापनाको नवौं बर्षमा नै संस्थाले आफ्नो कार्य क्षेत्र भित्र बसोबास गर्ने मध्यम तथा न्यून आय श्रोत भएका वर्गहरुको छरिएर रहेको स–साना पूँजीलाई एकित्रित गरि उत्पादनशिल क्षेत्रमा लगानी गर्ने वातावरणको निर्माण गर्नु आफैमा सहरानिया काम हो भन्ने मलाई लाग्दछ। साथै रोजगारी सिर्जना, साना व्यावसायीलाई कर्जा लगानी, बचत गर्ने बानीको बिकास जस्ता बिषयहरु राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदान हो भन्ने मलाई लाग्दछ। यहाँहरुको अपार माया विश्वास तथा रचनात्मक भूमिकाको फलस्वरुप बिगत ९ बर्ष देखी संस्थाले यहाँहरुमाफ सन्तोषजनक सेवा पुऱ्याइरहेको छ भन्ने म लगायत सञ्चालक समितिका पदाधिकारीहरुलाई लागेको छ। तर पनि यस अवधिमा संस्थाको सदस्यको तर्फबाट यहाँहरुलाई लागेका तितामिठा कुराहरु र संस्थालाई अझ प्रगतिको शिखरमा पुऱ्याउन के कस्तो निती तथा रणनितीहरु आवश्यक पर्दछ भन्ने विषयको समग्र सुझावहरु यस सभामा प्रस्तुत हुने अपेक्षाको साथ आ.ब.०७७/७८ को समर्ग आर्थीक अवस्थाको चित्रण गर्दै उक्त आ.ब.मा संस्थाले गरेको प्रगति सम्बन्धि प्रतिबेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

संस्थाले आफ्ना शेयर सदस्यसँग प्रतक्ष कारोबार संचालन गरिरहेको र रु. २,७९,०६,२००।–(अक्षेरुपी दुई करोड उनासी लाख छ हजार दुई सय मात्र) शेयर पूँजी संकलन भएको अवगत गराउदछु जुन गत आ.व. मा भन्दा १२.७१ प्रतिशत अर्थात रु. ३१,४७,६००।– (अक्षेरुपी एकतिस लाख सठ्चालिस हजार छ सय मात्र)ले बृद्धि हो। यसैगरि संस्थाले रु. ४५,३१,७२,७४९.८८।–(अक्षेरुपी पैतालिस करोड एकतिस लाख बहत्तर हजार सात सय उनन्चास रुपैया अठासी पैसा मात्र) निक्षेप संकलन गरेको छ जुन अघिल्लो आर्थिक बर्षको तुलनामा २१.१३ प्रतिशतले अर्थात रु. ७,९६,४२,२१८.१६।–(अक्षेरुपी सात करोड छयानब्बे लाख बयालिस हजार दुई सय अठार रुपैया सोह्र पैसा मात्र) ले बृद्धि हो। त्यसैगरि रु. ३६,६५,४२,६० ९.१५।–(अक्षेरुपी छत्तिस करोड पैसठ्ठी लाख बयालिस हजार छ सय नौ रुपैया पन्ध्र पैसा मात्र) कर्जा लगानी भएको छ जुन अघिल्लो आर्थिक बर्षको तुलनामा १५.६७ प्रतिशतले अर्थात रु. ४,९६,४९,४२०.०७।– (अक्षेरुपी चार करोड छयानब्बे लाख उनन्चास हजार चार सय बिस रुपैया सात पैसा मात्र)ले बृद्धि हो यसै गरी संस्थाले यस बर्ष थप रु. २७,०१,९७५.१५।– (अक्षेरुपी सत्ताइस लाख एक हजार नौ सय पचहत्तर रुपैया पन्ध्र पैसा मात्र) कर्जा जोखिम व्यवस्था गरिएको छ यसै गरी संस्थाले कर्मचारी बोनस व्यवस्था कोषमा रु. ३,२५,८५२.७८।– (अक्षेरुपी तीन लाख पच्चिस हजार आठ सय बाउन्न रुपैया अठहत्तर पैसा मात्र) व्यवस्था गरि रु. २९,३२,६७५.०४।– (अक्षेरुपी उनन्तीस लाख बत्तिस हजार छ सय पचहत्तर रुपैया चार पैसा मात्र) नाफा हासिल गर्न सफल भएको छ जुन अघिल्लो आर्थिक बर्षको तुलनामा १२.०९ प्रतिशतले अर्थात रु. ३,१६,४४१.४१।– (अक्षेरुपी तिन लाख सोह्र हजार चार सय एकचालिस रुपैया एकचालिस पैसा मात्र)ले बृद्धि भएको व्यहोरा जानकारी गराउदछु।

**संस्थाको भावि रणनिति र कार्यक्रम:**

अब म संस्थाको चालु आ.ब. २०७८/७९ को प्रस्तावित कार्यक्रम निम्नानुसार प्रस्तुत गर्दछु।

१. संस्थाले सहकारी क्षेत्रका असल अभ्यासलाई अनुशरण गर्दै आएको छ आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिदै सदस्य सेवालाई विस्तारित गर्न आफ्नो कार्यक्षेत्र भित्र काठमाण्ठौको वडा नं २६ सामाखुशी र वडा नं. ७ चाबहिलबाट समेत सदस्य सेवा केन्द्र मार्फत थप सेवा सुबिधा दिदै आइरहेको व्यहोरा जानकारी गराउँदछु। साथै संस्थाको हालको कार्य क्षेत्रसँग जोडिएको ललितपुर जिल्ला र भक्तपुर जिल्लालाई समेटिने गरि कार्यक्षेत्र थपको लागि यसै साधारण सभामा प्रस्ताव पेश गरिएको व्यहोरा अवगत गराउँदछु।

२. संस्थाले हालसम्म गरेका कार्यहरुको मुल्याङ्कन तथा संस्थाको आन्तरिक सबलता तथा दुर्बलता को यथार्थ विश्लेषण गर्दै दुर्वल पक्षलाई हटाउदै जाने र सबल पक्षलाई तुलनात्मक लाभका क्षेत्रमा उपयोग गर्न र चुनौतीहरुको सामना गर्न प्रयोग गरिनेछ। साथै यहाँहरुको सल्लाह र सुझावलाई मनन गर्दै नमुना सहकारी बनाई समुदायमा परिचित गराउन आवश्यक पर्ने रणनीतिको विकास गरि लागु गरिने व्यहोरा अवगत गराउँदछु।

३. हालको शेयर सदस्य संख्यामा बृद्धि गरि ३१०० पुऱ्याउने र नियमित बचत गर्ने सदस्यहरुको संख्या बृद्धि गर्नुको साथै नियमित बचत खातामा रकम जम्मा गर्न अनिबार्य गराउने लक्ष्य लिएको छु।

४. संस्थाको चुक्ता शेयर पुजी यस आ.ब. २०७८/७९ सम्ममा चार करोड पाँच लाख रुपैया पुऱ्याउन पहल गर्ने सो का लागि दुई लाख रुपैया भन्दा बढी शेयर पूँजी खरिद गर्ने सदस्यहरुलाई आमन्त्रण गरि छलफल गर्दै आएकोमा उहाँहरुको सुझावलाई कार्यान्वयन गर्दै लगिने छ।

५. यसै बर्ष देखी SMS / Mobile Banking सेवा अनिवार्य गराउने लक्ष्य लिएको छु।

६. यसै बर्ष देखी ८० बर्ष पुगेका शेयर सदस्यहरुलाई तथा संस्थाको प्रबर्द्धन तथा बिकासमा सहयोग गर्ने सदस्यहरुलाई सम्मान गर्ने कार्यक्रम राख्ने।

७. क्यालेण्डर, प्रोडक्ट छपाई तथा अन्य प्रकाशन कार्यलाई निरन्तरता दिने।

८. विभिन्न तालिम अवलोकन भ्रमणलाई निरन्तरता दिने।

९. अरु संस्थालाई एकिकरण गरि दिगो, सबल र बलियो संस्था बनाउने।

**अब म यहाँहरु समक्ष २०७८/७९ को अनुमानित गरिएको बजेट विवरण पेश गर्न चाहन्छु ।**

क) **कुल कारोबार** यस आ.ब. २०७७/७८ को अन्त्य सम्ममा संस्थाको कुल कारोबार ६२ करोड रुपैया पुग्ने अनुमान गरिएको छ।

ख) **शेयर पूँजी** यस आ.ब. २०७८/७९ को अन्त्य सम्ममा संस्थाको कुल शेयर पूँजी चार करोड पाँच लाख रुपैया पुग्ने अनुमान गरिएको छ।

ग) **निक्षेप संकलन** यस आ.ब. २०७८/७९ को अन्त्य सम्ममा संस्थाको कुल निक्षेप संकलन ५१ करोड रुपैया पुऱ्याउने लक्ष्य लिएको छ।

घ) **कर्जा लगानी तथा असुली** यस आ.ब. २०७६/७७ को अन्त्य सम्ममा संस्थाले बिभिन्न शिर्षक अन्तर्गत लगानी तथा असुली गरि कर्जा लगानी ४२ करोड रुपैया पुऱ्याउने अनुमान गरिएको छ।

ङ) **संचालन मुनाफा संस्थाले बिभिन्न बचत शिर्षक अन्तगत निक्षेप संकलन गरि उक्त निक्षेपलाई लगानी गरि भएको आम्दानी बाट खर्च कटाई पचहत्तर लाख रुपैया मुनाफा गर्ने अनुमान गरिएको छ।**

च) **अनुमानित खर्चको बिबरण** आ.ब. २०७६/७७ को अन्त्य सम्ममा व्याज खर्च चार करोड साठी लाख रुपैया र कर्मचारी खर्च बहत्तर लाख रुपैया र अन्य प्रशासनिक खर्च एकाउन्न लाख सत्तरी हजार रुपैया मात्र हुने अनुमान गरिएको छ।

अन्त्यमा बागमती प्रदेश भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सहकारी महाशाखा लगायत अन्य नियमन निकायहरुबाट प्राप्त भईरहेको मार्गदर्शन सहयोय र प्रोत्साहनको लागि म हार्दिक धन्यबाद व्यक्त गर्न चाहन्छु संस्थाको उत्तरोत्तर प्रगतिमा सहयोय र संरक्षकत्व प्रदान गर्नुहुने आदरणीय शेयर सदस्यमहानुभावहरु प्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा पनि यस्तै सहयोग र समर्थन रहिरहने अपेक्षा गर्दछु त्यसैगरी संस्थालाई सफलता पुर्वक संचालन गरि आजको सुदृढ अवस्थामा पुऱ्याउन अथक परिश्रम एवं उच्च मनोबलका साथ निरन्तर लागिरहनु हुने संस्थाका कर्तव्यनिष्ठ सम्पुर्ण कर्मचारीहरु लगायत सम्पुर्ण संचालक साथीहरुलाई हार्दिक धन्यबाद दिदै कोभिड १९ को महामारीबाट सचेत रहौं सुरक्षीत रहौं भन्दै नवौं बार्षिक साधारण सभामा प्रत्यक्ष अप्रत्यक्ष जोडिनु भएका सबै सदस्य महानुभावहरु समक्ष बिदा हुन चाहन्छु।

धन्यबाद।

जय सहकारी

..................................

सञ्चालक समितिको तर्फबाट

**इन्दु मिश्र**

अध्यक्ष

# लेखा सुपरिवेक्षण समितिको प्रतिबेदन

## आर्थिक बर्ष २०७७/७८

**आदरणीय शेयरसदस्य महानुभावहरु,**

आजको यस गरिमामय सभाका अध्यक्ष ज्यू, अतिथीज्यूहरु आमन्त्रित शेयरसदस्यज्यूहरु, संचालक समितिका पदाधिकारीज्यूहरु साथै विभिन्न उप–समितिका संयोजक तथा सदस्यज्यूहरु र यस साधारण सभामा पाल्नु भएका शेयरधनीहरु, कर्मचारी मित्रहरुमा यस जनबल बचत तथा ऋण सहकारी संस्था लि. को नवौं बार्षिक साधारणसभाको अवसरमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रतिबेदन प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ। यस संस्थामा उपस्थित हुनुभएका सम्पुर्ण सदस्य महानुभावहरुले सभामा प्रस्तुत यस आर्थिक प्रतिवेदनको सुक्ष्म अध्ययन गर्नुहुनेछ र आवश्यक राय सुझावहरु प्रदान गर्नुहुनेछ भन्ने अपेक्षाको साथ संस्थाको आर्थिक बर्ष २०७७/७८ को आर्थिक प्रतिबेदनको मुल्याङ्कनबाट हामीलाई लागेका टिप्पणीहरु यस सभामा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**१. शेयर पूँजी :–**

संस्थाले यस आ.व. मा चुक्ता पूँजी गत आ.व. मा भन्दा १२.७१ प्रतिशत अर्थात रु. ३१,४७,६००।– (अक्षेरुपी एकतिस लाख सत् चालिस हजार छ सय मात्र)ले बृद्धि गरेको छ । संस्थाको निक्षेपको तुलनामा पूँजीकोष अनुपात अझै अपर्याप्त भएकोले यसको बृद्धिमा विशेष ध्यान पुर्‍याउने तर्फ सञ्चालक समिति तथा लेखा समितिमा पुनः ध्यानाकर्षण गराउन चाहन्छु ।

**२. निक्षेप :–**

संस्थाको निक्षेपमा अघिल्लो आर्थिक बर्षको तुलनामा २१.१३ प्रतिशतले अर्थात रु. ७,९६,४२,२१८.१६।– (अक्षेरुपी सात करोड छयानब्बे लाख बयालिस हजार दुई सय अठार रुपैया सोह्र पैसा मात्र)ले बृद्धि भएको छ । पूँजिकोषको अनुपातमा निक्षेपलाई सहकारी बिभागको मापदण्डको सीमा भित्र राख्न संचालक समितिको ध्यानाकर्षण गराउन चाहन्छु ।

**३. कर्जा तथा लगानी :**

संस्थाको कर्जामा अघिल्लो आर्थिक बर्षको तुलनामा १५.६७ प्रतिशतले अर्थात रु. ४,९६,४९,४२०.०७ (अक्षेरुपी चार करोड छयानब्बे लाख उनन्चास हजार चार सय बिस रुपैया सात पैसा मात्र)ले बृद्धि भएको छ । संस्थाले ठुला भन्दा साना तर सुरक्षित कजाहर्रुलाई प्राथमिकताका साथ लगानि गरेको देखिन्छ । रु ५,००,०००।– सम्मका कर्जामा ऋण समिति र सो भन्दा भन्दा माथिका कर्जामा संचालक समितिको अनुमोदन अनिबार्य हुने व्यवस्था गरेको पाइएको छ । भोलिका दिनमा पनि संस्थाले कर्जा प्रबाह गर्दा ऋण लिने सदस्यको पृष्ठभूमिको अति सुक्ष्म अध्ययन गरेर मात्र ऋण नीति बमोजिम ऋण प्रबाह गर्नुपर्ने तर्फ संचालक समितिको ध्यानाकर्षण गराउन चाहन्छु ।

**४. नाफा तथा नोक्सान :**

संस्थाले यस आ. व. मा थप रु. २७,०१,९७५.१५।– (अक्षेरुपी सत्ताइस लाख एक हजार नौ सय पचहत्तर रुपैया पन्ध्र पैसा मात्र) कर्जा जोखिम व्यवस्था गरिएको छ यसैगरी संस्थाले कर्मचारी बोनस व्यवस्था कोषमा रु. ३,२५,८५२.७८।– (अक्षेरुपी तीन लाख पच्चिस हजार आठ सय बाउन्न रुपैया अठहत्तर पैसा मात्र) व्यवस्था गरि रु. २९,३२,६७५.०४।– (अक्षेरुपी उनन्तीस लाख बत्तिस हजार छ सय पचहत्तर रुपैया चार पैसा मात्र) नाफा हासिल गर्न सफल भएको छ जुन अघिल्लो आर्थिक बर्षको तुलनामा १२.०९ प्रतिशतले अर्थात रु. ३,१६,४४१.४१।– (अक्षेरुपी तिन लाख सोह्र हजार चार सय एकचालिस रुपैया एकचालिस पैसा मात्र)ले बृद्धि भएको व्यहोरा जानकारी गराउदछु । कुल कारोबारको आधारमा हेर्दा यो त्यती सन्तोषजनक स्थिती त होइन तापनि देशमा बिद्यमान व्यावसायिक तथा अन्य परिस्थितिको आधारमा मुल्याङ्कन गर्दा ठिकै रहेको हाम्रो बुझाइ छ । साथै भविश्यमा संस्थामा उपलब्ध सम्पुर्ण श्रोत साधन परिचालन गरि संस्थालाई दिगो र विश्वास योग्य बनाउन उचित मुनाफा आर्जनको लागि अझ प्रयासरत रहनुपर्ने देखिन्छ ।

**अन्य**

सहकारीको ऐनको दायरामा रही संस्थाको हितमा हुने आबश्यक नीतिनियमहरु बनाई सो कार्यान्वियन गर्नुपर्ने ।

संस्थाका सबै उपसमितिहरुको भूमिका स्पष्ट गरि सोही अनुसार द्रुत गतिमा काम गर्ने व्यवस्था हुनुपर्ने ।

संस्थाद्धारा संचालित कार्यक्रमहरुको त्रैमासिक समिक्षा गरि सो को यथार्थ प्रतिफल भयो भएन सो को मुल्याङ्कन गर्नु पर्ने तर्फ संचालक समितिको ध्यानाकर्षण गराउन चाहन्छु ।

संस्थाको दिर्घकालिन रणनीति बनाई संस्थाको कार्यक्षेत्र थप गरि भविश्यमा नमुना सहकारी बनाउने लक्ष्य लिएर अगाडी बढ्ने तर्फ संचालक समितिको ध्यानाकर्षण गराउन चाहन्छु ।

अन्त्यमा लेखा सुपरिवेक्षण समितिको कार्यमा सहयोग पुर्‍याउनु हुने सम्पुर्ण संचालक, कर्मचारीहरु तथा मेरा सहयोगी मित्रहरु प्रति हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

धन्यबाद ।
जय सहकारी ।।

..............................
शिब प्र. चौलागाई
(संयोजक)
लेखा सुपरिवेक्षण समिति

**G.B.K.C. & Associates**
*Registered Auditor (B)*
Tel.: +977-4783283, Cell: 9851016526
COP: 2849, Firm: 3084, VAT: 302287363
Email: ganeshbkc@gmail.com

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**शेयर सदस्य महानुभावहरू**
**श्री जनबल बचत तथा ऋण सहकारी संस्था लि.**

हामीले यसैं साथ संलग्न **जनबल बचत तथा ऋण सहकारी संस्था लिमिटेड** को आषाढ ३१, २०७८ (१५ जुलाई, २०२१) को वासलात तथा सो मितिमा समाप्त भएको आर्थिक बर्षको नाफा-नोक्सान हिसाब,नाफा नोक्सान बाँडफाँड नगद प्रबाह विवरण, इक्विटीमा भएको परिवर्तन, लेखा नीति तथा लेखा सम्वन्धि टिप्पणीहरुको (यस पछि समग्रमा वित्तिय विवरण भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौ ।

## हाम्रो राय

हाम्रो रायमा र हामीले पाएको अधिकत्म जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरुले सारभूत रुपमा संस्थाको मिति २०७८ आषाढ ३१ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बांडफांड हिसाब, नगद प्रवाह विवरण इक्युिटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु प्रचलित कानूनका अधिनमा रही सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ अनुरुप यथार्थ चित्रण गर्दछ ।

## मन्तव्यको आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखा परीक्षण मान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको ''वित्तीय विवरणको लेखा परीक्षणमा लेखा परीक्षकको उत्तरदायित्व'' शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्था द्धारा जारी गरेको ''द हयाण्ड् बुक अफ द कोड अफ द कोड अफ इथिक्स् फोर फ्रोफेसनल एकाउन्टेन्ट्स (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी संस्थासंग स्वतन्त्र छौं र हामीले सो हयाण्डबुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखा परीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

G.B.K.C. & Associates ★ Regd. No. 3084 "B" Mem. No. 7261 Kathmandu ★ Registered Auditor

Radha Marga, Shankhamul-31, Kathmandu Nepal

**<u>वित्तिय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेको उत्तरदायित्व</u>**

वित्तिय विवरणहरू प्रतिको उत्तरदायित्व संस्थाको व्यवस्थापनमा रहेको छ । सोहि अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जाल साजी वा गल्ती बाट होस, सारभूत रुपमा त्रुटी रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

**<u>वित्तिय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व</u>**

हामी बाट नेपाल लेखा परीक्षण मानको आधारमा लेखा परीक्षण कार्य सम्पन्न गरिएको छ । बित्तिय विवरण सारभूतरूपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि यी सिद्धान्तहरू अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण, संस्थाले अबलम्बन गरेको लेखा नीति, ब्यवस्थापनले गरेको महत्वपुर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्यांकनलाई समाबेश गरिएको छ । हाम्रो लेखापरीक्षणबाट हाम्रो लेखापरीक्षण मन्तब्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ । वित्तिय विवरणहरु सम्पूर्ण रुपमा चाहे जाल साजी वा गल्ती बाट होस, सारभूत रुपमा त्रुटि रहित छ वा छैन भन्ने बारे उचित आश्वस्त्ता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखा परीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्त्ता एक उच्च स्तरीय आश्वस्त्ता भएता पनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छन भन्ने आश्वस्त्ता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तूतिहरुले वित्तिय विवरणको आधारमा प्रयोग कर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अप्रेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

**<u>उपरोक्त अनुसार लेखापरीक्षण गरी निम्नानुसारको प्रतिवेदन पेश गरेका छौ:</u>**

(क) हामीले लेखापरीक्षण सिलसिलामा आवश्यक ठानेका सुचना एवं स्पष्टिकरणको साथै माग गरेको विवरणहरू यथासिघ्र तथा सन्तोषजनक रूपमा पायौं । संस्थाको हिसाब किताब तथा श्रेस्ता प्रचलित कानुन बमोजिम राखिएका छन् । यो संस्था कम्तिमा आगामी एक वर्षको अवधिमा निरन्तरतामा आँच आउने कुनै सम्भावना देखिदैन । संलग्न वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण संस्थाले राखेको लेखासंग ठीक दुरूस्त छन् ।

(ख) संस्थाले सहकारी ऐन, २०७४ को दफा ६८, दफा ६९ र दफा ७० बमोजिमको कोषहरुको व्यवस्था गर्नुको साथै उक्त कोष पछि बाँकी रहेको रकमलाई संचालक समितिको निर्णय बमोजिम अन्य कोषहरुको विभाजन गरेको छ ।

(ग) संस्थाले शेयर सदस्यहरुलाई लाभासं बितरण गरेको पाईएन ।

G.3.K.C. & Associates
Regd. No. 3084 "B"
Mem. No. 7261
Kathmandu
Registered Auditor

(घ) साधारण सभा समयमा नै बस्ने गरेको तथा अन्य समितिको बैठकको नियमितता रहेको पाइयो । लेखा समिति समेत सक्रिय रहेको छ ।

(ङ) संस्थाले नियम अनुसार सरकारी राजश्व कट्टि र दाखिला गर्ने गरेको छ ।

(च) बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाले समय, समयमा पल्सको वित्तिय अनुपातको विश्षलेषण गरि आर्थिक कारोवार संचालन गर्नु पर्नेमा सो बमोजिम विश्लेषण गरि कारोवार संचालन गर्ने गरेको भने पाइएन ।

(छ) संस्थाले शेयर सदस्यहरुमा ऋण प्रबाह गर्दा कुल प्राथमिक पुजी कोषको १० प्रतिशत सम्म ऋण लगानी गर्न पाउनेमा केही शेयर सदश्यहरुमा सो प्रतिशत भन्दा बढी ऋण लगानी पाईयो ।

(झ) हाम्रो विचारमा हामीलाई उपलब्ध गराएको स्पष्टिकरण तथा हामीले प्राप्त गरेको सूचना तथा हामीले गरेको हिसाब किताबको परीक्षणबाट संस्थाको सञ्चालक समिति, कुनै सञ्चालक वा कर्मचारीले लेखा सम्बन्धित कानुनी व्यवस्था विपरित कामकाज गरेको तथा काठमाडौ महानगरपालिका सहकारी विभागको निर्देशन विपरित कामकाज गरेको वा संस्था वा निक्षेपकर्ताहरूको हित र संरक्षण विपरित हुने गरि काम गरेको हाम्रो जानकारीमा आएन ।

G.3.K.C. & Associates Regd. No. 3084 "B" Mem. No. 7261 Kathmandu Registered Auditor

गणेश ... के.सी.
लेखा परिक्षक

स्थान : काठमाडौं
मिती : २०७८/०९/१८
UDIN: 220102RA07261qUYfD

जनबल बचत तथा ऋण सहकारी संस्था लि.
केलटोल ,काठमाडौं
२०७८।०३।३१को स्थिती विवरण पत्र(वासलात)

| पूंजी तथा दायित्व | अनूसुची | यस बर्ष रु | गत बर्ष रु |
|---|---|---|---|
| शेयर पूजी | १ | २७,९०६,२००.०० | २४,७५८,६००.०० |
| संचित नाफा (नोक्सानी) | | | |
| जगेडा कोष | २ | ३,४८२,४४४.९५ | २,७४९,२७६.१९ |
| अन्य कोषहरु | ३ | ८,९७८,२२९.७९ | ६,७७८,७२३.५२ |
| निक्षेप दायित्व | ४ | ४५३,१७२,७४९.८८ | ३७३,५३०,५३१.७२ |
| जोखिम ऋण कोष | १० | ९,२७२,४४४.६७ | ६,५७०,४६९.५२ |
| अन्य दायित्व | ५ | १२,६१७,५१०.३९ | १०,२१४,५७१.०९ |
| बैंक ऋण | | - | |
| आयकर दायित्व | | ३२५,८५२.७८ | २९०,६९२.६३ |
| डेफर्ड कर दायित्व (सम्पत्ती) | ६ | | |
| **कूल दायित्व** | | ५१५,७५५,४३२.४६ | ४२४,८९२,८६४.६६ |
| **सम्पत्ती तथा जाय जेथा** | | **यस बर्ष रु** | **गत बर्ष रु** |
| नगद | ७ | १४,८२२,११२.४६ | १३,९६३,४५५.२६ |
| बैंक तथा बित्तिय संस्था मौज्दात | ८ | १२९,६५२,०३९.२५ | ८८,०६४,३८६.७४ |
| लगानी | ९ | - | - |
| कर्जा प्रबाह | १० | ३६६,५४२,६०९.१५ | ३१६,८९३,१८९.०८ |
| धरौटी तथा अग्रिम कर | ११ | १,४९७,८७२.९० | २,५४१,८९६.६८ |
| स्थिर सम्पत्ती | १२ | ३,२४०,७९८.७० | ३,४२९,९३६.८९ |
| स्थगन सम्पत्ती | १३ | - | - |
| **कूल सम्पत्ति** | | ५१५,७५५,४३२.४६ | ४२४,८९२,८६४.६६ |

लेखा संग सम्बन्धी नीति तथा टिप्पणीहरु २१
१ देखि २० सम्मका अनुसूचिहरु वासलातका अभिन्न अंगहरु हुन् ।
आजको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

| दामोदर रिजाल<br>प्रबन्ध निर्देशक | रामहरी लम्साल<br>कोषाध्यक्ष | रामचन्द्र रिजाल<br>सचिव | रामकृष्ण पहरी<br>उपाध्यक्ष | इन्दु मिश्र<br>अध्यक्ष |
|---|---|---|---|---|

शिव प्रसाद चौलागाई
लेखा सुपरिवेक्षण समिति संयोजक

गणेश बहादुर के.सी.
लेखा परिक्षक

जनबल बचत तथा ऋण सहकारी संस्था लि.
केलटोल ,काठमाडौं
नाफा नोक्सान बांडफांड हिसाव
२०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त सम्मको

| बिबरण | | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| आम्दानी | | | |
| गत बर्षको संचित मूनाफा | | | |
| यस बर्षको मूनाफा | | २,९३२,६७५.०४ | २,६१६,२३३.६३ |
| | | | |
| | | | |
| जम्मा | | २,९३२,६७५.०४ | २,६१६,२३३.६३ |
| खूद मूनाफा बांडफांड (खर्च) | | यस बर्ष | गत बर्ष |
| जगेडा कोष (२५ प्रतिशत) | २५% | ७३३,१६८.७६ | ५७९,२९७.२२ |
| सहकारी प्रबर्धन कोष (०.५ प्रतिशत) | ०.५०% | १४,६६३.३८ | ८,६८९.४६ |
| अन्य कोषहरुमा बाडफाड | | २,१८४,८४२.९० | २,०२८,२४६.९५ |
| संरक्षित पुंजी फिर्ता कोष (२५ प्रतिशत) | २५% | ५४६,२१०.७३ | ४३४,४७२.९२ |
| | | १,६३८,६३२.१८ | १,५९३,७७४.०३ |
| शेयर लाभांश कोष | ७५% | १,२२८,९७४.१३ | ३४७,५७८.३३ |
| कर्मचारी वोनस | ०% | - | २६०,६८३.७५ |
| घाटा पुर्ति कोष | ५% | ८१,९३१.६१ | १७३,७८९.१७ |
| सदस्य शिक्षा कोष | ५% | ८१,९३१.६१ | १७३,७८९.१७ |
| डूवन्ते ऋण कोष | ५% | ८१,९३१.६१ | १७३,७८९.१७ |
| सस्था विकास कोष | ५% | ८१,९३१.६१ | १६५,०९९.७१ |
| सस्था स्थिरिकरण कोष | ५% | ८१,९३१.६१ | |
| जम्मा | | १,६३८,६३२.१८ | १,२९४,७२९.२८ |

| दामोदर रिजाल | रामहरी लम्साल | रामचन्द्र रिजाल | रामकृष्ण पहरी | इन्दु मिश्र |
|---|---|---|---|---|
| प्रबन्ध निर्देशक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष |

शिव प्रसाद चौलागाई
लेखा सुपरिवेक्षण समिति संयोजक

गणेश बहादुर के.सी.
लेखा परिक्षक

जनबल बचत तथा ऋण सहकारी संस्था लि.
केलटोल ,काठमाडौं
आ.ब. २०७७।०७८मा इक्विटीमा भएको परिवर्तन सम्बन्धी बिबरण

| बिबरण | शेयर पुंजी | संचित नाफा (नोक्सानी) | जगेडा कोष | सहकारी प्रवर्धन कोष | संरक्षित कोष | शेयर लाभांश कोष | कर्मचारी बोनस कोष | घाटा पूर्ति कोष | सहकारी शिक्षा कोष | डूबान्त ऋण कोष | सहकारी बिकास कोष | संस्था स्थिरिकरण कोष | जोखिम ऋण व्यवस्था कोष | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शूरु मौज्दात | २४,७५८,६००.०० | | २,७४९,२७६.१९ | २६,३५८.९६ | १,७५१,४३७.५३ | २,३२१,०४५.०९ | २६०,६८३.७५ | ६२३,११३.५७ | ५७८,७५७.१२ | ५७४,१६८.७९ | ५७०,०६७.६८ | ७३,०९१.०३ | ६,५७०,४६९.५२ | ४०,८५७,०६९.२२ |
| समायोजन | | | | | | | | | | | | | | - |
| समायाजित शूरु मौज्दात | २४,७५८,६००.०० | - | २,७४९,२७६.१९ | | १,७५१,४३७.५३ | २,३२१,०४५.०९ | २६०,६८३.७५ | ६२३,११३.५७ | ५७८,७५७.१२ | ५७४,१६८.७९ | ५७०,०६७.६८ | | ६,५७०,४६९.५२ | ४०,८५७,०६९.२२ |
| | | | | | | | | | | | | | | |
| यस बर्षको धपघट | | | | | | | | | | | | | | |
| शेयर पुंजी | ३,१४७,६००.०० | | | | | | | | | | | | | ३,१४७,६००.०० |
| संचित नाफा (नोक्सानी) | | २,९३२,६७५.०४ | | | | | | | | | | | | २,९३२,६७५.०४ |
| जगेडा कोष | | (७३३,१६८.७६) | ७३३,१६८.७६ | | | | | | | | | | | - |
| सहकारी प्रवर्धन कोष | | (१४,६६३.३८) | | १४,६६३.३८ | | | | | | | | | | - |
| सूरक्षित पुंजी फिर्ता कोष | | (५४६,२१०.७३) | | | ५४६,२११ | | | | | | | | | - |
| शेयर लाभांश कोष (२० प्रतिशत) | | (१,२२८,९७४.१३) | | | | १,२२८,९७४.१३ | | | | | | | | - |
| कर्मचारी वोनस (१५ प्रतिशत) | | - | | | | | - | - | | | | | | - |
| घाटा पुर्ति कोष (१० प्रतिशत) | | (८१,९३१.६१) | | | | | | ८१,९३१.६१ | | | | | | - |
| सदस्य शिक्षा कोष (१० प्रतिशत) | | (८१,९३१.६१) | | | | | | | ८१,९३१.६१ | | | | | - |
| डूबान्त ऋण कोष | | (८१,९३१.६१) | | | | | | | | ८१,९३१.६१ | | | | - |
| सस्था विकास कोष (१० प्रतिशत) | | (८१,९३१.६१) | | | | | | | | | ८१,९३१.६१ | | | - |
| संस्था स्थिरिकरण कोष | | (८१,९३१.६१) | | | | | | | | | | ८१,९३१.६१ | | - |
| जोखिम ऋण व्यवस्था कोष | | | | | | | | | | | | | २,७०१,९७५.१५ | २,७०१,९७५.१५ |
| कूल जम्मा | २७,९०६,२००.०० | ०.०० | ३,४८२,४४४.९५ | १४,६६३.३८ | २,२९७,६४८.२६ | ३,५५०,०१९.२२ | २६०,६८३.७५ | ७०५,०४५.१८ | ६६०,६८८.७३ | ६५६,१००.४० | ६५१,९९९.२८ | ८१,९३१.६१ | ९,२७२,४४४.६७ | ४९,६३९,३११.४१ |

दामोदर रिजाल
प्रबन्ध निर्देशक

रामहरी लम्साल
कोषाध्यक्ष

रामचन्द्र रिजाल
सचिव

रामकृष्ण पहरी
उपाध्यक्ष

इन्दु मिश्र
अध्यक्ष

शिव प्रसाद चौलागाई
लेखा सुपरिवेक्षण समिति संयोजक

G.3.K.C. & Associates
Regd. No. 3084 "B"
Mem. No. 7261
Kathmandu
Registered Auditor

गणेश बहादुर के.सी.
लेखा परिक्षक

## जनबल बचत तथा ऋण सहकारी संस्था लि.
### केलटोल ,काठमाडौं
### नाफा नोक्सान हिसाव
२०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त सम्मको

| बिबरण | अनूसुची | यस बषे रु | गत बषे रु |
|---|---|---|---|
| ब्याज आम्दानी | १४ | ४५,८२३,९८०.६९ | ३९,९०७,३०२.७२ |
| न्यून: ब्याज खर्च | १५ | ४५,७२२,१५७.२७ | ४१,८४८,५१६.३९ |
| **खूद ब्याज आम्दानी** | | १०१,८२३.४२ | (१,९४१,२१३.६७) |
| बैंक ब्याज आम्दानी | १६ | १,०१३,१२३.०७ | १,७३५,२५०.९६ |
| अन्य संचालन आम्दानी | १७ | १६,०९९,२९८.२७ | १५,२३३,१५३.६० |
| **कूल संचालन आम्दानी** | | १७,२१४,२४४.७६ | १५,०२७,१९०.८९ |
| कर्मचारी खर्च | १८ | ६,५०८,४४२.०० | ५,३९४,७३३.०० |
| अन्य प्रशासनिक खर्च | १९ | ३,६८७,८७७.७२ | ३,३६५,२४५.०७ |
| बैंक ब्याज | | - | |
| **कर ब्यबस्था तथा हास कट्टी अगिको संचालन मूनाफा(नियमित कारोबार बाट भएको मूनाफा** | | ७,०१७,९२५.०४ | ६,२६७,२१२.८२ |
| ह्रास कट्टी खर्च | | ७३१,५६९.२९ | ३७७,०१५.११ |
| डुबान्त (जोखिम) ऋण कोष बाट फिर्ता | | २,७०१,९७५.१५ | २,६८४,०७८.८२ |
| स्थगन खर्च | | - | |
| कर्मचारी बोनस ब्यबस्था | | ३२५,८५२.७८ | २९९,१९२.६३ |
| **कर ब्यवस्था अगिको नाफा (नोक्सान) (सामान्य गतिबिधिबाट)** | | ३,२५८,५२७.८२ | २,९०६,९२६.२६ |
| आयकर व्यवस्था १० | | ३२५,८५२.७८ | २९०,६९२.६३ |
| डेफर्ड कर दायित्व (सम्पत्ती) | | | - |
| **कर ब्यवस्था पछिको खूद नाफा** | | २,९३२,६७५.०४ | २,६१६,२३३.६३ |
| गत बर्षहरुको नोक्सानी | | | |
| **कोषहरुमा बाडफाड अगिको नाफा** | | २,९३२,६७५.०४ | २,६१६,२३३.६३ |

लेखा संग सम्बन्धी नीति तथा टिप्पणीहरु २१

१ देखि २० सम्मका अनुसूचिहरु वासलातका अभिन्न अंगहरु हुन् ।

आजको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

दामोदर रिजाल
प्रबन्ध निर्देशक

रामहरी लम्साल
कोषाध्यक्ष

रामचन्द्र रिजाल
सचिव

रामकृष्ण पहरी
उपाध्यक्ष

इन्दु मिश्र
अध्यक्ष

जनबल बचत तथा ऋण सहकारी संस्था लि
काठमाडौं, नेपाल
२०६५

शिव प्रसाद चौलागाई
लेखा सुपरिवेक्षण समिति संयोजक

G.J.K.C. & Associates
Regd. No. 3084 "B"
Mem. No. 7261
Kathmandu
Registered Auditor

गणेश बहादुर के.सी.
लेखा परिक्षक

# जनबल बचत तथा ऋण सहकारी संस्था लि.
## केलटोल ,काठमाडौं
## २०७८ आसार ३१ सम्मको
## स्थिर संम्पती ह्रास कट्टीको विवरण
## अनुसूची १२

| सि.नं. | विवरण | दर | सम्पत्तीको परल मूल्य | | | ह्रास कट्टी | | | बाकी मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | शूरुको मूल्य | यस वर्षको थप | कूल जम्मा | गत बर्ष सम्मको | यस वर्षको थप | कूल जम्मा | | रकम |
| १ | फर्निचर कार्यालय | २५ | १,५३७,६८६.६१ | | १,५३७,६८६.६१ | ३८२,३१८.४३ | २८८,८४२.०४ | ६७१,१६०.४८ | ८६६,५२६.१३ | १,१५५,३६८.१८ |
| २ | कार्यालय उपकरण | २५ | ८९५,७८२.८२ | १७५,०००.०० | १,०७०,७८२.८२ | ३५८,९४६.३६ | १४८,७९२.४५ | ५०७,७३८.८१ | ५६३,०४४.०१ | ५३६,८३६.४६ |
| ३ | सवारी साधन | २० | २७०,५९९.०० | २३०,६८९.०० | ५०१,२८८.०० | १५०,५२५.२० | ३९,३९४.०३ | १८९,९१९.२३ | ३११,३६८.७७ | १२०,०७३.८० |
| ४ | सफ्टवेयर | १५ | १८८,०००.०० | ११८,९२०.०० | ३०६,९२०.०० | ५६,६०६.७० | ३१,६०१.०० | ८८,२०७.६९ | २१८,७१२.३१ | १३१,३९३.३० |
| ५ | बिद्युतिय सामाग्री | १५ | ६३६,९२६.८७ | | ६३६,९२६.८७ | ११५,०८४.१७ | ७८,२७६.४१ | १९३,३६०.५७ | ४४३,५६६.३० | ५२१,८४२.७१ |
| ६ | लिजहोल्ड सम्पत्ती | १५ | १,०९७,३२८.७१ | | १,०९७,३२८.७१ | १३२९०६.२७ | १४४,६६३.३७ | २५९,७४७.५३ | ८३७,५८१.१८ | ९६४,४२२.४४ |
| | **यस बर्षको** | | **४,६२६,३२४.०१** | **५२४,६०९.००** | **५,१५०,९३३.०१** | **१,१९६,३८७.१२** | **७३१,५६९.२९** | **१,९१०,१३४.३१** | **३,२४०,७९८.७०** | **३,४२९,९३६.८९** |
| | **गत बर्षको** | | **१,५१३,१६९.४२** | **३,११३,१५४.५९** | **४,६२६,३२४.०१** | **७४१,३३२.१८** | **३७७,०१५.११** | **१,१९६,३८७.१२** | **३,४२९,९३६.८९** | **७७१,८३७.२४** |

दामोदर रिजाल
प्रबन्ध निर्देशक

रामहरी लम्साल
कोषाध्यक्ष

रामचन्द्र रिजाल
सचिव

रामकृष्ण पहरी
उपाध्यक्ष

इन्दु मिश्र
अध्यक्ष

शिव प्रसाद चौलागाई
लेखा सुपरिवेक्षण समिति संयोजक

गणेश बहादुर के.सी.
लेखा परिक्षक

जनबल बचत तथा ऋण सहकारी संस्था लि.
केलटोल ,काठमाडौं
२०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त सम्मको
नगद प्रवाह बिबरण

| क. | कार्य संचालन मार्फत भएको नगद प्रवाह | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| | नाफा (नोक्सान) | ३,२५८,५२७.८२ | २,६१६,२३३.६३ |
| | जोड्ने | | |
| | ह्रास कट्टी खर्च | ७३१,५६९.२९ | ३७७,०१५.११ |
| | जोखिम ऋणकोषमा भएको परिवर्तन | २,७०१,९७५.१५ | २,६८४,०७८.८२ |
| | कोषहरुमा भएको परिवर्तन | - | - |
| | स्थगन खर्चमा भएको परिवर्तन | - | - |
| | डेफर्ड कर दायित्व (सम्पत्ती) परिवर्तन | - | - |
| | डेफर्ड कर दायित्व (अग्रिम कर संग समायोजन) | - | - |
| | आयकर व्यवस्था | (२९०,६९२.६३) | २९०,६९२.६३ |
| | आयकर (अग्रिम कर संग समायोजन) | | (२५७,४६५.४३) |
| | बिबिध हिसाब | | |
| | समायोजन अघिको नाफा | ६,४०१,३७९.६३ | ५,७१०,५५४.७६ |
| | कार्यशील पूजीमा भएको परिवर्तन | | |
| | चालू दायित्वमा भएको बढि (कमी) | २,३८५,११७.२० | १,४१९,६५३.८० |
| | चालू सम्पतिमा भएको कमी (बढि) | १,०४४,०२३.७८ | (१,४०४,९४८.१४) |
| | **संचालन गतिबिधि बाट भएको खूद नगद प्रवाह** | **९,८३०,५२०.६१** | **५,७२५,२६०.४२** |
| ख. | **लगानी गतिबिधि बाट भएको नगद पबाह** | | |
| | स्थिर सम्पति (खरिद) बिक्री | (५२४,६०९.००) | (३,११३,१५४.५९) |
| | स्थिर सम्पति (खरिद) बिक्री | - | - |
| | लगानी | - | - |
| | **लगानी गतिबिधि बाट भएको खूद नगद प्रवाह** | **(५२४,६०९.००)** | **(३,११३,१५४.५९)** |
| ग. | **बितिय गतिबिधि बाट भएको नगद प्रबाह** | | |
| | १. निक्षेप हिसाबमा भएको बढि बा कमी | ७९,६४२,२१८.१६ | ३६,०७१,८१६.३५ |
| | २. कर्जा सापटी तथा लगानीमा कमी बा बढि | (४९,६४९,४२०.०७) | (११,७४६,५९४.२२) |
| | ३.लाभासं भुप्तानी | - | - |
| | ४. अन्य सहकारी संस्थामा रहेको मौज्दात फिर्ता | - | - |
| | ५. चूक्ता शेयर पूजीमा भएको बढि | ३,१४७,६००.०० | १,७८२,०००.०० |
| | **बित्तिय गतिबिधि बाट भएको खूद नगद प्रवाह** | **३३,१४०,३९८.०९** | **२६,१०७,२२२.१३** |
| | **कूल गतिबिधी बाट भएको नगद प्रवाह(क.ख.ग.)** | ४२,४४६,३०९.७० | २८,७१९,३२७.९६ |
| | गत बर्षको नगद , बैंक तथा बित्तिय संस्था मौज्दात | १०२,०२७,८४२.०० | ७३,३०८,५१४.०४ |
| | नगद , बैंक तथा बित्तिय संस्था मौज्दात | **१४४,४७४,१५१.७१** | **१०२,०२७,८४२.००** |

१ देखि २० सम्मका अनुसूचिहरु वासलातका अभिन्न अंगहरु हुन् ।
आजको हामो संलग्न प्रतिवेदनको आधारमा

| दामोदर रिजाल | रामहरी लम्साल | रामचन्द्र रिजाल | रामकृष्ण पहरी | इन्दु मिश्र |
|---|---|---|---|---|
| प्रबन्ध निर्देशक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष |

शिव प्रसाद चौलागाई
लेखा सुपरिवेक्षण समिति संयोजक

गणेश बहादुर के.सी.
लेखा परिक्षक

# जनबल बचत तथा ऋण सहकारी संस्था लि.
केलटोल ,काठमाडौं

## अनूसूची १ : शेयर पूंजी

| बिबरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| गत आ.ब. सम्मको शेयर पूंजी | २४,७५८,६००.०० | २२,९७६,६००.०० |
| यस आ.ब. को थप शेयर पूंजी | २,३८२,०००.०० | २,३८२,०००.०० |
| यस आ.ब. मा फिर्ता | (६००,०००.००) | (६००,०००.००) |
| जम्मा | २७,९०६,२००.०० | २४,७५८,६००.०० |

## अनूसूची २: जगेडा कोष

| बिबरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| गत बर्षको नाफा (नोक्सानीं) | २,७४९,२७६.१९ | २,०९५,२१७.७८ |
| गत बर्षको नाफा (नोक्सानीं)मा समायोजन | - | - |
| जगेडा कोष | ७३३,१६८.७६ | ६५४,०५८.४१ |
| | | |
| जम्मा | ३,४८२,४४४.९५ | २,७४९,२७६.१९ |

## अनूसूची ३: अन्य कोषहरु

| बिबरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| सहकारी प्रबर्धन कोष (०.५ प्रतिशत) | ४१,०२२.३३ | २६,३५८.९६ |
| संरक्षित पुंजी फिर्ता कोष (२५ प्रतिशत) | २,२९७,६४८.२६ | १,७५१,४३७.५३ |
| शेयर लाभांश कोष | ३,५५०,०१९.२२ | २,३२१,०४५.०९ |
| कर्मचारी वोनस | २६०,६८३.७५ | २६०,६८३.७५ |
| घाटा पुर्ति कोष | ७०५,०४५.१८ | ६२३,११३.५७ |
| सदस्य शिक्षा कोष | ६६०,६८८.७३ | ५७८,७५७.१२ |
| डूवन्ते ऋण कोष | ६५६,१००.४० | ५७४,१६८.७९ |
| सस्था विकास कोष | ६५१,९९९.२८ | ५७०,०६७.६८ |
| सस्था स्थिरिकरण कोष | १५५,०२२.६४ | ७३,०९१.०३ |
| जम्मा कोषको बाडफाड | ८,९७८,२२९.७९ | ६,७७८,७२३.५२ |

जनबल बचत तथा ऋण सहकारी संस्था लि.
केलटोल ,काठमाडौं

## अनूसूची ४: निक्षेप दायित्व

| बिबरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| बचत निक्षेप | २३१,३८१,२७२.०८ | १८४,४४९,३७२.१५ |
| आबधिक निक्षेप | २०१,५८०,००१.०० | १७५,३७४,१८०.०० |
| रिकरिगं निक्षेप | २०,२११,४७६.८० | १३,७०६,९७९.५७ |
| जम्मा | ४५३,१७२,७४९.८८ | ३७३,५३०,५३१.७२ |

## अनूसूची ५: अन्य दायित्व

| बिबरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| ब्याज कर कट्टी | ६३६,१०७.८६ | ५६७,१९९.५९ |
| पारिश्रमिक कर (तलब) | ५,०८४.४२ | २,२८९.०० |
| भूक्तानी गर्न बांकी दायित्व | १०,२०९,६४४.०७ | ८,१५६,५२०.०१ |
| भूक्तानी गर्न बांकी लेखापरिक्षण शूल्क | ८२,९१४.२६ | ८४,२५०.०० |
| लेखापरिक्षक शूल्क कर | ६६२.७२ | ७५०.०० |
| भूक्तानी गर्न बांकी ब्याज | १,३५७,२४४.२८ | १,१०४,३६९.८६ |
| भूक्तानी गर्न बांकी कर्मचारी बोनस | ३२५,८५२.७८ | २९९,१९२.६३ |
| जम्मा | १२,६१७,५१०.३९ | १०,२१४,५७१.०९ |

## अनूसूची ६: डेफर्ड कर दायित्व (सम्पत्ती)

| बिबरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| बिशेष नियम समय सिमाका श्रृजना भएको डेफर्ड कर दायित्य (सम्पत्ती) | - | - |
| जम्मा | - | - |

## अनूसूची ७: नगद

| बिबरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| नगद मौज्दात | १४,८२२,११२.४६ | १३,९६३,४५५.२६ |
| जम्मा | १४,८२२,११२.४६ | १३,९६३,४५५.२६ |

## जनबल बचत तथा ऋण सहकारी संस्था लि.
## केलटोल ,काठमाडौं

### अनूसूची ८: बैंक तथा बित्तिय संस्था मौज्दात

| बिबरण | यस बर्ष | | गत बर्ष |
|---|---|---|---|
| आई.सि.एफ.सि. फाईनान्स लि. | ५६,०२८,६५९.४१ | | ५४,९७६,५३३.२८ |
| मेगा बैक | ६८,४०१,५६६.२८ | | २३,८५६,८२३.९५ |
| प्रभु बैंक लि. | ५,२२१,८१३.५६ | | ९,२३१,०२९.५१ |
| जम्मा | १२९,६५२,०३९.२५ | | ८८,०६४,३८६.७४ |

### अनूसूची ९: लगानी

| बिबरण | यस बर्ष | | गत बर्ष |
|---|---|---|---|
| लगानी | | | |
| जम्मा | - | | - |

### अनूसूची १०: कर्जा प्रबाह

| बिबरण | यस बर्ष | | गत बर्ष |
|---|---|---|---|
| हायर पर्चेज कर्जा | १५,५७६,४९३.०० | | १२,११४,१९३.५३ |
| आवाधिक रसिद कर्जा | ३,४७८,५७२.८० | | ४,००४,१८६.६१ |
| सामुहिक जमानी कर्जा | १५८,७७१,२६८.६७ | | १४०,१६३,१०१.८० |
| सजिलो(ईजि) कर्जा | ७९,९९९.७५ | | १,८०८,७२९.७२ |
| घर निर्माण कर्जा | १९९९७९४.५२ | | |
| ब्यापारिक कर्जा | १८६,६३६,४८०.४१ | | १५८,८०२,९७७.४२ |
| जम्मा | ३६६,५४२,६०९.१५ | | ३१६,८९३,१८९.०८ |

### कर्जा बिबरण

### कर्जा बर्गिकरण

| बिबरण | यस बर्ष | | गत बर्ष |
|---|---|---|---|
| असल कर्जा | ३६०,३६३,००४.६४ | | ३१०,८२१,१२१.६१ |
| शंकास्पद कर्जा | ७८५,८३०.६० | | ४,०१५,०९१.०३ |
| खराब कर्जा | ५,३९३,७७३.९१ | | २,०५६,९७६.४४ |
| जम्मा | ३६६,५४२,६०९.१५ | | ३१६,८९३,१८९.०८ |

## जनबल बचत तथा ऋण सहकारी संस्था लि.
## केलटोल ,काठमाडौं

### जोखिम ऋण कोषको लागि ब्यवस्था

| | | | |
|---|---|---|---|
| असल कर्जाको | ३,६०३,६३०.०५ | | ३,१०८,२११.२२ |
| शंकास्पद कर्जाको | २७५,०४०.७१ | | १,४०५,२८१.८६ |
| खराब कर्जाको | ५,३९३,७७३.९१ | | २,०५६,९७६.४४ |
| जम्मा | ९,२७२,४४४.६७ | | ६,५७०,४६९.५२ |
| गत बर्ष सम्मको | ६,५७०,४६९.५२ | | ३,८८६,३९०.६९ |
| यस बर्षको थप | २,७०१,९७५.१५ | | २,६८४,०७८.८२ |

### अनूसूची ११: धरौटी अग्रिम कर तथा मौज्दात

| बिबरण | यस बर्ष | | गत बर्ष |
|---|---|---|---|
| धरौटी | | | |
| अग्रिम कर | ५०,३४५.३१ | | १११,८४४.९१ |
| अग्रिम कर बैंक मूद्दती ब्याजको | १५१,९६८.४६ | | २६०,२८७.६४ |
| अग्रिम भूक्तानी प्रभु रेमिटान्स | ३०५,०००.०० | | ३०५,०००.०० |
| अग्रिम भूक्तानी आइएमई पे | ९९०,५५९.१३ | | १,८६४,७६४.१३ |
| मसलन्द मौज्दात | | | |
| जम्मा | १,४९७,८७२.९० | | २,५४१,८९६.६८ |

## जनबल बचत तथा ऋण सहकारी संस्था लि.
## केलटोल ,काठमाडौं

### अनूसूची १३: स्थगन सम्पत्ती तथा खर्च

| बिबरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| स्थगन सम्पत्ती | - | - |
| न्यून: स्थगन खर्च | - | - |
| जम्मा | - | - |

### अनूसूची १४: बैंक ब्याज आम्दानी

| बिबरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| ब्याज आम्दानी | ४५,८२३,९८०.६९ | ३९,९०७,३०२.७२ |
| जम्मा | ४५,८२३,९८०.६९ | ३९,९०७,३०२.७२ |

### अनूसूची १५: ब्याज खर्च

| बिबरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| आबधिक कर्जामा ब्याज | २७,०३७,१९१.१५ | २५,२८४,१२१.०६ |
| साधारण बचतमा ब्याज | १७,०९८,२२९.४४ | १५,१०२,८९२.६२ |
| रिकरिगं बचतमा ब्याज | १,५८६,७३६.६८ | १,४६१,५०२.७१ |
| जम्मा | ४५,७२२,१५७.२७ | ४१,८४८,५१६.३९ |

### अनूसूची १६: बैंक ब्याज आम्दानी

| बिबरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| बैंक ब्याज आम्दानी | १,०१३,१२३.०७ | १,७३५,२५०.९६ |
| जम्मा | १,०१३,१२३.०७ | १,७३५,२५०.९६ |

# जनबल बचत तथा ऋण सहकारी संस्था लि.
## केलटोल ,काठमाडौं

### अनूसूची १७: अन्य संचालन आम्दानी

| बिबरण | यस बर्ष | | गत बर्ष |
|---|---|---|---|
| सदस्यता शूल्क | | | |
| बार्षिक ब्याज आम्दानी | | | |
| अन्य शूल्क तथा जरिवाना | १५,२१६,७१०.२७ | | १३,३६४,७०६.६० |
| बिबिध आम्दानी | ८१७,१८८.०० | | १,८२३,४९३.०० |
| सेवा शूल्क | | | |
| कर्जा आबेदन शूल्क | ३९८००.०० | | ३१,३००.०० |
| पासबूक आम्दानी | | | |
| खाता बन्द शूल्क | २५,६००.०० | | १३,६५४.०० |
| स्थिर सम्पत्ति बिक्रिको नाफा | | | |
| जम्मा | १६,०९९,२९८.२७ | | १५,२३३,१५३.६० |

### अनूसूची १८.१: कर्मचारी खर्च (तलब भत्ता)

| बिबरण | यस बर्ष | | गत बर्ष |
|---|---|---|---|
| तलब तथा भत्ता | ६,१९९,६९०.०० | | ४,८८६,९०३.०० |
| दशै खर्च | ३०३,७५०.०० | | २६४,५००.०० |
| जम्मा | ६,५०३,४४०.०० | | ५,१५१,४०३.०० |

### अनूसूची १२.२: अन्य कर्मचारी खर्च

| बिबरण | यस बर्ष | | गत बर्ष |
|---|---|---|---|
| तालीम | | | |
| कर्मचारी ईन्धन खर्च | ५,००२.०० | | १८,६००.०० |
| कर्मचारी पोशाक खर्च | - | | २२४,७३०.०० |
| जम्मा | ५,००२.०० | | २४३,३३०.०० |

# जनबल बचत तथा ऋण सहकारी संस्था लि.

केलटोल ,काठमाडौं

## अनूसूची १९: प्रशासनिक खर्च

| बिबरण | यस बर्ष | | गत बर्ष |
|---|---|---|---|
| खाजा तथा खाना तथा मनोरन्जन खर्च (कर्मचारि | ३८९६०२.०० | | २७६,९६०.०० |
| कम्प्यूटर तथा सफ्टवेयर खर्च | ९१,५३०.०० | | ४०,४५५.०० |
| यातायात | २४०,०००.०० | | २४०,०००.०० |
| इमेल,इन्टरनेट तथा टेलिफोन खर्च | २८८,७०७.०० | | १०१,४५७.४८ |
| लेखापरिक्षण शूल्क | ५०,०००.०० | | ५०,०००.०० |
| पिकनिक कार्यक्रम खर्च | १३०८४६.०० | | |
| बिबिध खर्च | ७७,९२४.०० | | ९२,४४०.०० |
| बिमा शूल्क | | | |
| पत्र पत्रिका पूस्तक खर्च | ७,६००.०० | | १४,४५०.०० |
| पूजा खर्च | २४,७१५.०० | | २७,३७५.०० |
| पानी तथा विद्यूत महशूल खर्च | २०८,२४१.०० | | ६१,६३०.०० |
| मर्मत सम्भार | - | | ९,२४४.०० |
| अतिथि सत्कार खर्च | ९७,९५५.०० | | ३५,३७२.५९ |
| अफिस खर्च | ९०,०३८.७२ | | ४१९,२२३.०० |
| अन्य कार्यलय संचालन खर्च | | | |
| पार्कीङ खर्च | १११,०००.०० | | ६०,०००.०० |
| अवलोकन तथा भ्रमण खर्च | | | |
| बर्षा अन्त्य खर्च | | | |
| बार्षिक साधारण सभा खर्च | १८१,८२४.०० | | ४०१,५००.०० |
| सभा सम्मेलन कार्यक्रम खर्च | | | |
| परामर्श शूल्क | | | |
| बैठक भत्ता | | | |
| सवारी इन्धन | | | |
| सदस्यता शूल्क | | | |
| शाखा शुभारम्भ खर्च | - | | ११,८७५.०० |
| सर सफाई | ७२,०००.०० | | ६०,०००.०० |
| स्टेशनरी तथा छपाई | ४८५,८९५.०० | | ५१८,२६३.०० |
| घर बहाल | १,१४०,०००.०० | | ९४५,०००.०० |
| जम्मा | ३,६८७,८७७.७२ | | ३,३६५,२४५.०७ |

## प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरु

### १. सामान्य जानकारी

जनबल बचत तथा ऋण सहकारी संस्था लिमिटेड (दर्ता नं. ४०३५/०६९/०७० काठमाण्डौं) यस पछि संस्था भनिएको छ) काठमाण्डौं महानगरपालिकामा स्थापित सिमित दायित्व भएको बचत तथा ऋण सहकारी संस्था हो । यसको केन्द्रिय कार्यालय केलटोल काठमाण्डौंमा रहेको छ भने सदस्य सेवा केन्द्र सामाखुशी काठमाण्डौंमा र चाबहिल काठमाण्डौंमा रहेको छ । हालसम्म यस संस्थाले सोहि कार्यालयहरुबाट आफ्नो कारोबार सञ्चालन गर्दै आईरहेको छ । यसको कार्य क्षेत्र काठमाण्डौ जिल्ला भरी छ ।

संलग्न बित्तिय विवरणहरु स्विकृत गरी जारी गर्नको लागि सहकारी संस्थाको संचालक समितिले पारित गरेको छ । यस वित्तिय विवरणहरु अन्यथा उल्लेख गरेभन्दा बाहेक नेपाली रुपैयामा प्रस्तुत गरीएको छ ।

संस्थाको आर्थिक बर्ष नेपालीमा २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मसान्तसम्म रहेको छ । यो वित्तिय विवरण संस्थाले आर्थिक बर्ष २०७७/०७८ मा गरेका आर्थिक कारोबारको आधारमा तयार गरिएको छ ।

**यस संस्थामा देहाय बमोजिमका सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरु रहनुभएको छ ।**

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री इन्दु मिश्र | अध्यक्ष |
| २ | श्री रामकृष्ण पहरी | उपाध्यक्ष |
| ३ | श्री रामचन्द्र रिजाल | सचिब |
| ४ | श्री रामहरी लम्साल | कोषाध्यक्ष |
| ५ | श्री भवानी मिश्र | सदस्य |
| ६ | श्री कल्पना थापा मगर | सदस्य |
| ७ | श्री उर्मीला अधिकारी | सदस्य |
| ८ | श्री शिब प्रसाद चौलागाई | लेखा समिति संयोजक |
| ९ | श्री लक्ष्मण प्रसाद दाहाल | सदस्य |
| १० | श्री प्रमिला श्रेष्ठ | सदस्य |
| ११ | श्री दामोदर रिजाल | प्रबन्ध निर्देशक |

### २. संस्थाका प्रमुख कार्यहरु

क. आफ्ना सदस्यहरुमाफ छिटो छरितो माध्यमबाट बचत तथा ऋणको कारोबार गर्ने ।

ख.सदस्यहरुबीचको सहकार्य मार्फत सदस्यहरुको हक हितको कार्य गर्ने ।

### ३. सञ्चालक समितिबाट वित्तिय विवरणको स्विकृति

संस्थाको संलग्न वित्तिय विवरणहरु संस्थाको सञ्चालक समितिको बैठकले संस्थाको साधारण सभा समक्ष अनुमोदनको लागि पेश गर्ने निर्णय गरेको छ ।

### ४. प्रमुख लेखा नीतिहरुको शारांश

बित्तिय विवरणहरु तयार गर्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएको बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

#### ४.१ लेखा सम्बन्धि अबधारणा

बित्तिय विवरणहरु अन्यथा उल्लेख गरिएको अबस्थामा बाहेक सहकारीको लागि नेपाल वित्तिय प्रतिवेदनको प्रारुप", लेखाको सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ सहकारी बिभागबाट जारी भएको सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ तथा सहकारी विभागबाट संस्थाको निरिक्षणका क्रममा दिईएका निर्देशनका अधिनमा रही तयार पारिएको छ ।

#### ४.२ लेखाङ्कनको आधार

वित्तिय विवरणहरु नेपाली मुद्रामा प्रस्तुत गरिएका छन् । वित्तिय विवरणहरु ऐतिहासिक लागतको आधारमा तयार पारिएका छन् । नेपाल लेखा मापदण्डहरु तथा लेखाका सर्वमान्य सिद्धान्तहरु अनुरुप वित्तिय विवरणहरु तयार पार्दा केही आवश्यक लेखा अनुमानहरु गरिएका छन् । साथै विभिन्न लेखा नीतिहरुको पालना गर्ने क्रममा व्यबस्थापनद्वारा विवेक पनि प्रयोग गर्नुपर्ने आवश्यकता रहन्छ ।

#### ४.३ जेथा (Equity)

सम्पत्तिबाट सम्पूर्ण दायित्व घटाए पश्चात् बाँकी रहने सदस्यहरुको स्वार्थ नै जेथा (Equity) हो । यस अन्तर्गत सदस्यहरुले लगानी गरेको रकम, सञ्चित मुनाफा तथा सञ्चित मुनाफाबाट विनियोजन गरिएको जगेडा लगायतका कोषहरु पर्दछन् ।

#### ४.४ शेयर पुंजी (Share Capital)

शेयर पुंजी अन्तर्गत सदस्यहरुले लगानी गरेको रकम पर्दछन् । प्रति शेयर अंकित मुल्य १०० रहेको छ। संस्थाले नगद प्राप्त गर्नु अघि शेयर जारी गरेको छ भने वित्तीय विवरणमा प्राप्त गर्नुपर्ने रकम शेयर पुंजीमा समायोजन गरी प्रस्तुत गरिन्छ।

## ५ कोषहरू

### ५.१ जगेडा कोष

सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ अनुरूप करपछिको खुद नाफाको २५% साधारण जगेडा कोषमा छुट्टाइएको छ। साथै स्थिर सम्पत्ति बेच्दाको नाफा तथा पुँजीगत अनुदान को बिलाम्बित आय अपलेखन गरी नाफा नोक्सान हिसाबमा जनाइएको आम्दानी जगेडा कोषमा रकमान्तर गरिन्छ।

### ५.२ संरक्षित पूँजी फिर्ता कोष

सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ अनुरूप साधारण जगेडा कोषमा छुट्टाएपछिको बाँकी रकमको २५% संरक्षित पूँजी फिर्ता कोषमा छुट्टाइएको छ।

### ५.३ सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ अनुरूप साधारण जगेडा कोषमा छुट्टाएपछिको बाँकी रकमको ०.५% सहकारी प्रवर्द्धन कोष कोषमा छुट्टाइएको छ।

### ५.४ साधारण जगेडा कोष तथा अन्य कोषहरु

**साधारण जगेडा कोष तथा अन्य कोषहरु मा बांडफाड**

| कोषको नाम | प्रतिशत | रकम |
|---|---|---|
| जगेडा **कोष** | २५ प्रतिशत | ७३३,१६८.७६ |
| | | |
| सहकारी प्रवर्द्धन कोष | ०.५ प्रतिशत | १४,६६३.३८ |
| संरक्षित पूँजी फिर्ता कोष | २५ प्रतिशत | ५४६,२१०.७३ |
| | | |
| शेयर लाभांस कोष | ७५ प्रतिशत | १,२२८,९७४.१३ |
| घाटा पुर्ति कोष | ५ प्रतिशत | ८१,९३१.६१ |
| कर्मचारी वोनस | ० | |
| सहकारी शिक्षा कोष | ५ प्रतिशत | ८१,९३१.६१ |
| डुवन्ते ऋण कोष | ५ प्रतिशत | ८१,९३१.६१ |
| सहकारी विकाश कोष | ५ प्रतिशत | ८१,९३१.६१ |
| सस्था स्थिरिकरण कोष | ५ प्रतिशत | ८१,९३१.६१ |
| **कुल** | १०० प्रतिशत | १,६३८,६३२.१८ |

## ६ सम्पत्तिहरु

सम्पत्ति भन्नाले विगतका घटनाक्रमहरुले गर्दा निकायको नियन्त्रणमा आएको त्यस्ता आर्थिक श्रोतहरुलाई जनाउँछ जसको उपयोगबाट निकायले भविष्यमा आर्थिक लाभ प्राप्त गर्नसक्ने सम्भावना आङ्कलन गरेको हुन्छ। वासलात मितिमा संस्थाको नियन्त्रण रहेको तथा भविष्यमा आर्थिक लाभको आङ्कलन गरिएको नगद, बैंक खाता, लगानी उपकरण, कर्जा तथा सापटी, स्थिर सम्पत्ति लगायतका सम्पूर्ण सम्पत्तिहरुलाई संस्थाको वासलातमा समावेश गरिएको छ।

### ६.१ कर्जा तथा सापटी

यस शीर्षक अन्तर्गत संस्थाका सदस्यहरु तथा कर्मचारीहरुलाई प्रत्यक्ष रुपमा प्रदान गरिएका अल्पकालीन कर्जा, दीर्घकालीन कर्जा विभिन्न किसिमका कर्जाहरु पर्दछन्। सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ अनुरुप ऋणहरुलाई असल ऋण, शंकास्पद ऋण र खराब ऋण भनी बर्गीकरण गरिएको छ। कर्जा तथा सापटलाई कर्जा प्रवाह भएको मितिमा लेखाङ्कन गरिन्छ र कर्जा चुक्ता भुक्तान गरेको मितिमा फर्छ्यौट भएको जनाईन्छ।

कुल कर्जा तथा सापटीमा सो वापत राखिएको कर्जा नोक्सानी व्यवस्था रकम घटाई वासलातमा खुद कर्जा रकम प्रस्तुत गरिन्छ।

### ६.२ लगानी

नेपाल सरकारले जारी गरेको ऋणपत्र, नेपाल बैंकले जारी गरेको ट्रेजरी बिल वा सहकारी ऐनले निर्धारण गरेको अन्त्य लगानी उपकरणहरु लगायतका नियमित रुपमा ब्याज तथा लाभांश आर्जन गर्ने, स्वदेशी बैंकमा राखिएका मुद्दती निक्षप र उपकरणहरुलाई वासलातमा “लगानी” शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। लगानी उपकरणहरुलाई लागत मूल्यमा खरीद गर्दा बेहोरेको खर्च समेत समावेश गरी गणना गरिएको हुन्छ।

संस्थाको लगानीलाई बिक्रिको लागि उपलब्ध लगानी भनि बर्गिकरण गरिएको छ। यस्ता लगानीलाई लागत वा बजार मुल्य जुन कम हुन्छ त्यसमा प्रस्तुत गर्ने नीति रहेको छ। यस्ता लगानीलाई बजारदर अनुरुप मुल्याङ्कन गरी नोक्सानीलाई आय विवरण मार्फत समायोजन गर्ने नीति रहेको छ।

यस्ता लगानीलाई बर्षान्तमा मुल्याङ्कन गर्ने प्रयोजनको निम्ति यदि सो लगानी नेपाल स्टक एक्सचेन्जमा सुचिकरण भएको अवस्थामा आषाढ मसान्तको मुल्यलाई आधार लिईएको छ भने सुचिकरण नभएको लगानीको हकमा भने परम्परागत प्रणाली अनुरुप संकिर्ण तरिकाले मुल्याङ्कन गर्ने नीति लिईएको छ ।

दिर्घकालिन लगानीलाई प्राय लागतमा देखाइन्छ । सो लगानीमा स्थायी रुपमा आएको गिरावटलाई मात्र नाफा नोक्सान हिसाबमा खर्च भनेर लेखांकन गरिन्छ । गिरावट आउनुको कारण बिध्यमान नरहेको खण्डमा सो गिरावट रिभर्सल गरिन्छ ।

### ६.३ जायजेथा, प्लान्ट तथा उपकरण, ह्रासकट्टी तथा सोको क्षयिकरण

जायजेथा, प्लान्ट तथा उपकरण त्यस्ता पूँजीकृत सम्पत्ति (tangible items) हुन् जसलाई एक आर्थिक वर्षभन्दा बढी अवधिका लागि सेवा आपूर्ति गन वा कार्यालयको प्रशासनिक कामकाजमा प्रयोग गरिन्छ । स्थिर सम्पत्तिहरु अन्तर्गत संस्थाको स्वामित्वमा दर्ता रहेका भवन तथा जग्गा, कार्यालय उपकरण तथा फर्निचर, सवारी साधनहरु, बहालमा लिएको भवनमा बिकास गरिएको सम्पत्ति (leasehold assets) तथा निर्माणाधीन अवस्थामा रहेका सम्पत्तिहरु पर्दछन् ।

पूँजीकृत सम्पत्तिको उपयोगबाट भविष्यमा प्राप्त गर्ने आर्थिक लाभको अवसर प्रबल रहेको आङ्कलन गर्नुका साथै यस्तो सम्पत्तिको सही लागत रकम समेत स्थापित भएको अवस्थामा मात्रै जियजेथा, प्लान्ट तथा उपकरणको रुपमा पहिचान एवं लागतको लेखाङ्कन गरिन्छ । जायजेथा, प्लान्ट तथा उपकरणको लागतको गणना गर्दा खरिद मूल्यको अतिरिक्त ब्यवस्थापनको योजना अनुरुप सो सम्पत्तिलाई सञ्चालनमा ल्याउनु पूर्व आवश्यक अन्य खर्च जस्तै भन्सार महशूल, ढुवानी, जडान तथा परिक्षण खर्च, आदि सम्पूर्ण सम्बन्धित खर्चहरु समेतलाई पूँजीकृत गरिन्छ । स्थिर सम्पत्तिको सुरुवाति लेखाङ्कन पछि गरिने खर्चहरु (subsequent costs) लाई स्थिर सम्पत्तिको पहिचान गर्ने मापदण्ड पूरा गरेको अवस्थामा मात्र सम्पत्तिको रुपमा पहिचान गरिन्छ ।

क) जायजेथा, प्लान्ट तथा उपकरणलाई ऐतिहासिक लागत अवधारणाका आधारमा ह्रासकट्टी गरी देखाईएको छ ।
ख) अनुमानित उपयोगी आय अबधि अनुरुप सम्पत्तिको ह्रासकट्टी घट्दो ह्रासकट्टी दर प्रणाली अनुसार ह्रासकट्टी गरिएको छ ।
बिभिन्न बर्गका सम्पत्तिमा समयावधिका आधारमा निम्न दरहरुमा ह्रासकट्टी गर्ने गरिएको छ ।

| सम्पत्तिको बर्ग | ह्रासकट्टी दर (%) |
|---|---|
| फर्निचर | २५ |
| कार्यालय उपकरण | २५ |
| सबारी साधन | २० |
| अमुर्त सम्पत्ती | १५ |

ग) प्रयोगाबधि वा आर्थिक मुल्य समाप्त भएको सम्पत्तिको किताबि मुल्य बाँकि रहेमा सो बाँकी भएको सम्पत्तिको किताबी मुल्य बराबरको रकमलाई एकमुष्ठ ह्रासकट्टी गरी प्रस्तुत गरीएको छ ।

घ) संस्थाले वित्तिय विवरण तयार गर्दा जायजेथा, प्लान्ट तथा उपकरणको लागतबाट संचित ह्रास र क्षयिकरण नोक्सानी घटाई प्रस्तुत गरेको छ ।

ङ) संस्थाले जायजेथा, प्लान्ट तथा उपकरणको प्रतिस्थापनमा हुने लाभलाई जगेडा कोषमा र नोक्सानीलाई निःसर्गकै बखत आय विवरणमा समावेश गर्ने नीति रहेको छ ।

### ६.३.१ पुँजीकृत नगरिएका सम्पत्ति

एक बर्षभन्दा कम समय टिक्ने र वा रु. एक हजार भन्दा कम मुल्य रहेका सामानहरु पुँजीकृत नगरी खरिद गरेकै बर्षमा खर्च लेख्ने गरिएको छ ।

### ६.४ अदृष्य सम्पत्ति तथा सोको अपलेखन

अभौतिक सम्पत्तिलाई लागत मुल्यमा प्रस्तुत गर्ने नीति लिएको छ । संस्थाले प्रारम्भिक मापन पछि अदृष्य सम्पत्तिको मापन लागतमा संचित परिसोधन खर्च र संचित क्षयिकरण घटाएर मापन गर्ने नीति लिएको छ । प्रयोगको लागि उपलब्ध भएको मितिबाट अभौतिक सम्पत्तिको लेखाङ्कन गर्ने गरिएको छ । सो सम्पत्ति निःसर्ग गर्दा भएको लाभलाई जगेडा कोषमा र नोक्सानीलाई निःसर्गकै बखत आय विवरणमा समावेश गर्ने नीति रहेको छ ।

सफ्टवेयरको हकमा सो बापत गरेको खर्चमा सिधा धर्के प्रणाली अनुसार १० बर्षमा कट्टी हुने गरि परिशोधन खर्च लेख्ने नीति लिएको छ ।

**६.४.१ सम्पत्तिको क्षयीकरण**

क्षयीकरणले कुनै पनि सम्पत्ति त्यसको उपयोगी मुल्यभन्दा बढी मुल्यमा प्रस्तुत हुदैन भन्ने कुराको अश्वस्तता प्रदान गर्दछ। हरेक बर्षान्तमा कुनै संकेत पाएको अवस्थामा सम्पत्तिमा क्षयीकरण परिक्षण गरिन्छ। कुनै क्षयिकरण भएको अवस्थामा त्यसलाई कार्य सञ्चालनको विवरणमा देखाउने नीति लिएको छ।

**६.५ मसलन्द मौज्दात विवरण** (Inventory of Stationery)

मसलन्द मौज्दात अन्तर्गत कार्यालयको प्रशासनिक कामकाज एवं सेवा प्रवाहका दौरानमा सामान्यतया एक पटकको प्रयोगमै सम्पूर्ण रुपमा खपत हुने विभिन्न प्रकारका सामग्रीहरु जस्तै कागज तथा कागज जन्य फाईल, भौचर, फारम, इत्यादि सामग्रीहरु, प्रिन्टर तथा फोटोकपिमा प्रयोग हुने मसी, डेबीट तथा क्रेडिट कार्ड, कलम, लगायतका सामग्रीहरुलाई प्रस्तुत गरिन्छ।

संस्थाले मात्रै प्रयोग गर्न मिल्ने खालका केही विशेष प्रकृतिका वस्तुहरु बाहेकका मसलन्दलाई लागत (Cost) वा Net Realizable Value मध्येको कम मूल्यका आधारमा मापन गरिन्छ। विशेष प्रकृतिका वस्तुहरुलाई लागत वा Replacement Cost मध्येको कम मूल्यका आधारमा मापन गरिन्छ। मसलन्दहरुलाई उपभोग गरिएको समयमा खर्च लेखाङ्कन गरिन्छ।

**६.६ नगद वा नगद सरह**

नगद प्रवाह विवरणको सम्बन्धमा नगद वा नगद सरहले हातमा रहेको नगद, डिमाण्ड डिपोजिट तथा तत्काल नगदमा परिवर्तन गर्न सकिने अन्य अति तरल अल्पकालीन लगानी पर्दछन्।

**६.७ भुक्तानी प्राप्त गर्न बाँकी ब्याज** (Interest Receivables)

ग्राहक तथा कर्मचारीलाई प्रदान गरिएको कर्जा खाताहरुमा प्रत्येक दिनको अन्त्यमा बक्यौता रहने साँवा रकममा दैनिक रुपमा गणना हुने ब्याज रकम तथा संस्थाले लगानी गरेका उपकरणहरुमा दैनिक रुपमा आर्जित हुने ब्याज रकमलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। ग्राहकलाई प्रदान गरिएको कर्जा रकममा आर्जित ब्याज रकमलाई ग्राहकबाट नगद भुक्तानी प्राप्त नभएसम्म यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ भने नगद भुक्तानी प्राप्त भएको मितिमा नाफा नोक्सान हिसाबमा आय जनाईन्छ।

**६.८ अग्रिम भुक्तानी** (Prepayments)

भविष्यमा प्राप्त गरिने सेवाहरु जस्तै बीमा, भवनको बहाल, सञ्चार सेवा, करार अन्तर्गतका मर्मत सम्भार सेवा र अन्य विविध सेवाहरुको आपूर्तिका लागि अग्रिम रुपमा भुक्तानी गरिने रकम नै अग्रिम भुक्तानी हो। अग्रिम भुक्तानी गरिएको रकमलाई भुक्तानी मितिमा पूर्ण मूल्यमा सम्पत्तिका रुपमा लेखाङ्कन गरिन्छ र सेवाको आपूर्ति भएको मितिमा वा सेवाको समयावधि समाप्त भएको मितिमा नाफा नोक्सान हिसाबमा खर्च जनाईन्छ।

**६.९ सुरक्षण मौज्दात** (Security Deposits)

सेवा प्रदायकबाट प्राप्त गरिने धारा, बत्ती, टेलिफोन ईत्यादी सेवाका लागि अग्रिम सुरक्षण वापत जम्मा गर्ने रकमलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। सेवाको आपूर्तिमा निरन्तरता रहेसम्म र उक्त सेवाको आपूर्ति बन्द गर्ने कुनै मनसाय नभएसम्म त्यस्तो सुरक्षण रकमलाई सुरक्षण मौज्दातका रुपमा प्रस्तुत गरिन्छ।

**६.१० गैर बैंकिङ्ग सम्पत्ति** (Non Banking Assets)

ऋणीबाट ऋणकर्जा चुक्ता भुक्तानी नभएको अवस्थामा संस्थाले कानुनी प्रकृया अवलम्बन गरी असुलीको सम्पूर्ण प्रयास गर्दा समेत ऋण असुली नभएमा त्यस्तो ऋणको सूरक्षण बापत ऋणीले संस्थाको नाममा धितोबन्धक दिएको अचल सम्पत्तिहरु संस्थाले कानुनी प्रकृया मार्फत आफ्नो स्वामित्वमा लिएको अवस्थामा सो सम्पत्तिहरुको मुल्याङ्कन गरी यस शिर्षक अन्तर्गत वासलातमा प्रस्तुत गरिन्छ। साथै त्यस्ता अचल सम्पत्तिहरु सम्बन्धित सरकारी निकायबाट संस्थाको स्वामित्वमा नामसारी भई आएको मितिमा गैर बैंकिङ्ग सम्पत्ति अन्तर्गत लेखाङ्कन गरिन्छ र यसका लागि शतप्रतिशत नोक्सानी व्यवस्था समेत कायम गरिन्छ। यस्तो सम्पत्तिको बजार मूल्य स्वतन्त्र मूल्याङ्कनको आधारमा प्रमाणित गरिन्छ। यस्तो सम्पत्तिको बिक्रि भएको मितिमा गैर बैंकिङ्ग सम्पत्ति निसर्ग भएको मानिन्छ र बिक्रिबाट प्राप्त रकमलाई बक्यौता ऋण रकम असुलउपर गर्न उपयोग गरिन्छ। यद्यपी यस सस्थाको कुनै गैर बैकिङ्ग सम्ती नरहेको।

**६.११ अग्रिम भुक्तानी**

यसले भविश्यमा प्राप्त हुने बस्तु तथा सेवाको लागि गरीएको अग्रिम भुक्तानीलाई जनाउदछ। यस्ता भुक्तानीलाई वित्तिय स्थिति विवरणमा देखाई त्यसलाई उपयोगीताको आधारमा लेखाङकन गर्ने नीति रहेको छ।

**६.१२ पट्टा**

**६.१२.१ वित्तिय पट्टा**

संस्थाले वित्तिय पट्टा अन्तर्गत कुनै कार्य गरेको छैन र सो बापत कुनै दायित्व सृजना गरेको छैन।

**६.१२.२ सञ्चालन पट्टा**

संस्थाले कार्यालय भवनका लागि सञ्चालन पट्टा सम्झौता गरेको छ र जुन सम्झौता कुनै पनि पक्षले पुर्ब सुचना दिए पश्चात खारेज गर्न सक्नेछन्। संस्थाले भविष्यमा भुक्तानी गर्ने गरी खारेज नहुने गरी कुनै पनि पट्टा गरेको छैन। खारेज नहुने पट्टामा कुनै पनि पट्टा खर्च छैन।

**७ दायित्वहरु**

समूहका दायित्व अन्तर्गत सापटीहरु, निक्षेपहरु, भुक्तानी दिनुपर्ने लाभांश, बक्यौता ब्याजहरु, पाकी नसकेको आम्दानी, विविध साहुहरु तथा अन्य दायित्वहरु पर्दछन् ।

**७.१ निक्षेपहरु**

सदस्यको निक्षेप खाताहरुमा रहेको स्वदेशी मुद्राका अनिवार्य निक्षेप, ऐच्छिक बचत निक्षेप, ऐच्छिक मुद्धती निक्षेप तथा अन्य निक्षेपहरु यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ । निक्षेप संस्थामा जम्मा भएको मितिमा लेखाङ्कन गरिन्छ र भुक्तानी भएको मितिमा निक्षेपको फछ्र्यौट भएको मानिन्छ ।

**७.२ ऋण सुरक्षण व्यबस्था**

संस्थाले ऋण लगानी तर्फ वर्षान्तमा असुल गर्न बाँकी कुल लगानीमा रहेको ऋण रकमलाई असुलीको अवस्थाको आधारमा असल ऋण ( भाखा ननाघेको), शंकास्पद ऋण (१ देखि १२ महिना सम्म भाखा नाघेको) र खराब ऋण (१२ महिना भन्दा बढी भाखा नाघेको) मा वर्गीकरण गरिएको छ ।

ऋण तथा सापटमा निहित जोखिमलाई न्युनीकरण गर्न ऋण तथा सापटीलाई सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ अनुसार देहाय बमोजिम बर्गीकरण गरी ऋण सुरक्षण व्यबस्था गरिएको छ । यसरी वर्गीकरण गरिएका ऋणहरूको लागि व्यवस्था गरिएको ऋण जोखिम व्यवस्थापन कोष निम्नानुसार रहेको छ । यसरी वर्गीकरण गरिएका ऋणहरूको लागि व्यवस्था गरिएको ऋण जोखिम व्यवस्थापन कोष निम्नानुसार रहेको छ ।

| ऋणको बर्गीकरण | बर्गीकरणका आधार | ऋण सुरक्षण व्यबस्थाको प्रतिशत |
|---|---|---|
| असल ऋण | भाका ननाघेको | १ प्रतिशत |
| शंकास्पद ऋण | एक बर्षसम्म भाका नाघेको | ३५ प्रतिशत |
| खराव ऋण | एक बर्षभन्दा बढी समयसम्म भाका नाघेको | १०० प्रतिशत |

**७.३ भुक्तानी दिनुपर्ने लाभांश**

संस्थाको साधारण सभाबाट स्विकृत भईसकेको तर सदस्यहरुले भुक्तानी लिन बाँकी रहेको लाभांश रकमलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ । लाभांश रकम साधारण सभाबाट पारित भएको मितिमा कुल मूल्यमा यस शिर्षक अन्तर्गत लेखाङ्कन गरिन्छ र सदस्यहरुले नगद भुक्तानी लिएको मितिमा फछ्र्यौट गरिन्छ ।

**७.४ बक्यौता ब्याजहरु**

सदस्यका निक्षेप खाता, संस्थाले लिएको अन्य सापटिमा प्रत्येक दिन गणना हुने ब्याज रकम सो ब्याज प्राप्त गर्ने ब्यक्ति वा निकायले नगदमा भुक्तानी लिईनसकेको अवस्थामा यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ । संस्थाले नगदमा भुक्तानी दिएको मितिमा नाफा नोक्सान हिसाबमा खर्च जनाईन्छ ।

**७.५ अन्य बक्यौता खर्चहरु**

अन्य बक्यौता खर्चहरु जसको भुक्तान समय तथा भुक्तान गर्नुपर्ने रकम यकिन हुँदैन जस्तै व्यवसायिक सेवा खर्च, संचार खर्चहरु इत्यादि, त्यस्ता अन्य बक्यौता खर्चहरु विगतको खर्च तथा उपभोगको मात्रा, दोस्रो पक्ष सँगको समभ्रुदारि आदिको आधारमा अनुमान गरेर लेखाङ्कन गरीएको छ । यस्ता खर्चहरु विजकको प्राप्ति वा विलका आधारमा पछि फर्छ्यौट गरीने गरिन्छ ।

**८ आय**

**८.१ ब्याज आम्दानी**

ब्याज आम्दानी अन्तर्गत स्वदेशी मुद्राका कर्जा तथा लगानी उपकरणहरुबाट आर्जित हुने ब्याज पर्दछन् । सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ अनुसार ब्याज आम्दानीलाई नगद प्राप्तीको आधारमा लेखाङ्कन गरिएको छ ।

**८.२ सदस्यता शुल्क तथा कमिशन आम्दानी**

सदस्यता शुल्क तथा ऋण स्विकृतिसँग सम्बन्धित अन्य आम्दानीहरु कारोबार भएको समयमा नै आय लेखाङ्कन गर्ने गरिएको छ ।

**८.३ लाभांश आय**

लाभांश प्राप्त गर्ने अधिकार प्राप्तको अवस्थामा कर चुक्ता पछिको खुद मुल्यमा लाभांश आय देखाईएको छ । बोनश शेयर प्राप्त भएको अबस्थामा शेयरको लागत मुल्यमा परिबर्तन नगरिकन शेयर संख्या बढाईएको छ ।

**८.४ भाडा आम्दानी**

संस्थाले भाडाबाट भएको आम्दानीलाई प्रोदभावी अवधारणा अनुसार लेखाङ्कन गर्ने नीति लिएको छ । तथापि यस संस्थाको भाडामा लगाउने सम्पत्ती हाल सम्म नरहेको ।

**८.५ अन्य आय**

अन्य आय प्रोदभावी आधार (accrual Basis) मा लेखाङ्कन गरिन्छ ।

**९ खर्चहरु**

आर्थिक वर्षको कार्यसम्पादनका दौरान दायित्वमा वृद्धि वा सम्पत्तिमा कमी भई सदस्यहरुको जेथामा ह्रास आउने ब्याज खर्च, कर्मचारी खर्च, कार्यालय संचालन खर्च, जोखिम ब्यवस्था खर्च, इत्यादि शिर्षकहरुलाई सो वर्षको नाफा नोक्सान हिसाबमा खर्च लेखाङ्कन गरिन्छ ।

**९.१ ब्याज खर्च**

सबै किसिमका निक्षेप दायित्वमा तिर्नुपर्ने ब्याजलाई पाकेको आधारमा लेखाङ्कन गरिएको छ ।

**९.२ ऋण अपलेखन**

संस्थाको ऋण अपलेखन नीति, २०७५ बमोजिम संस्थाले ऋण अपलेखन गर्ने नीति लिएको छ ।

**९.३ आयकर**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ । चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

(सम्पत्ति तथा दायित्वहरुको वित्तिय विवरणमा गणना गरिएको रकम तथा कर र कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरि प्रत्येक वर्ष यस्तो सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च को लेखाङ्कन गरिन्छ ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिदैन । स्थगन कर सम्पत्ति तथा दायित्वलाई एक अर्कामा मिलान गरी खुद रकमलाई वासलातमा प्रस्तुत गरिन्छ ।

यस आ.व. २०७७।७८ मा कर योग्य आयको आयकर १०% को हिसाबले रू. ३२५८५२.७८ आयकर ब्यबस्था गरिएको छ ।

**९.४ कर्मचारी खर्च**

संस्थाले कर्मचारीहरुबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरु पर्दछन् :

**९.४.१ कर्मचारी खर्चका प्रकार**

— अल्पकालीन कर्मचारी खर्चहरु, जस्तैः तलब, भत्ता, बिदा वापतको रकम भुक्तानि, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने ब्यबस्था गरिएको छ ।

अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति (पारितोषिक) प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ ।

**९.४.२ कर्मचारी बोनस व्यवस्था**

बोनस ऐन २०३० को अनुसार संस्थाले कर लाग्नु अघिको नाफामा सञ्चालक समितीको निर्णय बमोजिम खुद नाफाको १० प्रतिशतले हुने रकम कर्मचारी बोनश बापत व्यबस्था गरीएको छ ।

**९.५ व्यवस्था, संभावित दायित्व र सम्भावित सम्पत्ति**

संस्थाले आफ्नो विगतको घटनाक्रमको फलस्वरुप वर्तमानमा कुनै दायित्व सृजना हुने भएमा, आर्थिक लाभ हुने श्रोत बाहिरिने संभाबना रहेको तथा दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार भएको अवस्थामा सस्थाले व्यबस्था सृजना गर्ने गरेको छ । कुनै पनि संभावित दायित्व जसले भविष्यमा साधनको बहिर्गमन सृजना गर्न सक्दछ, त्यसका लागि संभावित दायित्वको लेखाङ्कन गरिन्छ । तर संभावित वा बर्तमान दायित्व जसले भविस्यमा साधनको बहिर्गमन सृजना गर्नसक्ने अवस्था न्युन छ सोको लागि कुनै व्यबस्था गरिएको छैन ।

संभावित सम्पत्तिको वित्तिय विवरणहरुमा लेखाङ्कन गरिदैन तर यसको नियमित रुपमा मुल्याङ्कन गरिन्छ र यदि कुनै आर्थिक साधनको प्राप्ति संस्थाको सम्भावित दायित्वहरुलाई वासलातको अभिन्न अंगको रुपमा देखाईएको छ ।

**९.६ प्रतिवेदन अवधिको अन्य पछिका घटनाहरु**

प्रतिवेदन अवधि अन्त्य पश्चातको समायोजन हुने घटनाहरु प्रतिविम्वित हुने गरी सहकारी वित्तिय विवरणमा लेखाङ्कित रकमहरुको साथै सम्बन्धित खुलासाहरु समायोजन गर्ने नीति रहेको छ । यस वित्तिय विवरण तयार गर्दा कुनै पनि समायोजन हुने घटनाहरु घटेका छैनन ।

**९.७ सम्बन्धित पक्षहरुसँग सम्बन्धित खुलासा**

सहकारी सँस्थाको संचालक समितिका सदस्य तथा मुख्य व्यवस्थापनका सदस्यहरूलाई सम्बन्धित पक्ष भनिएको छ । उनीहरुको विवरण यसप्रकार रहेको छ ।

| क्र.स. | नाम | ऋण लगानी | शेयर पुजी |
|---|---|---|---|
| १ | श्री इन्दु मिश्र | - | ३,०००,०००.०० |
| २ | श्री रामकृष्ण पहरी | - | १,०००,०००.०० |
| ३ | श्री रामचन्द्र रिजाल | २,१००,०००.०० | २,५००,०००.०० |
| ४ | श्री रामहरी लम्साल | ५००,०००.०० | १००,०००.०० |
| ५ | श्री भवानी मिश्र | - | १,४००,०००.०० |
| ६ | श्री कल्पना थापा मगर | १,४००,०००.०० | १,१००,०००.०० |
| ७ | श्री उर्मीला अधिकारी | - | ५००,०००.०० |
| ८ | श्री शिब प्रसाद चौलागाई | - | २००,०००.०० |
| ९ | श्री लक्ष्मण प्र. दाहाल | १,०००,०००.०० | २,५००,०००.०० |
| १० | श्री प्रमिला श्रेष्ठ | - | २००,०००.०० |
| ११ | श्री दामोदर रिजाल | - | १००,०००.०० |

**९.८ विगत बर्षहरुको अङ्कहरु**

वित्तिय विवरणहरु नेपाली रुपैयामा प्रस्तुत गरिएका छन् । गत बर्षको अङ्कहरु आवश्यकता अनुसार पुर्नवर्गिकरण, पुर्नलेखन तथा पुर्नतालिकीकरण गरिएको छ ।

जनबल बचत तथा ऋण सहकारी संस्था लि काठमाडौं, नेपाल २०६८

G.J.K.C. & Associates Regd. No. 3084 "B" Mem. No. 7261 Kathmandu Registered Auditor

# जनबल बचत तथा ऋण सहकारी संस्था लि.
# नवौं वार्षिक साधारण सभामा
# प्रबन्ध निर्देशकको मन्तब्य

यस जनबल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नवौं बार्षिक साधारण सभामा संस्थाको निमन्त्रणलाई सहर्ष स्विकार गर्दै पाल्नु भएका आदरणीय सभापति महोदय, प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू अतिथी ज्यूहरु, संचालक समितिका पदाधिकारी ज्यूहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी ज्यूहरु, ऋण उप समितिका पदाधिकारी ज्यूहरु, यस संस्थाका मेरुदण्डका रुपमा रहनु भएका यहाँ उपस्थित सम्पुर्ण शेयर सदस्य महानुभाव ज्यूहरु संस्थामा कार्यरत सम्पुर्ण कर्मठ कर्मचारी साथीहरु लगायत उपस्थित पत्रकार मित्रहरुका साथै आफनो व्यस्त समयको बाबजुद पनि यस साधारण सभालाई विशेष महत्त दिई अवलोकन गरिरहनु भएका उपस्तिथ सम्पुर्ण महानुभावहरु प्रति म प्रबन्ध निर्देशकको तर्फबाट न्यायो अभिवादन टक्र्याउँदै यहाँहरु सबैलाई हार्दिक स्वागत गर्न चाहन्छु।

हाम्रो समाजमा छरिएको वित्तिय श्रोत र साधनलाई सहकारीताको माध्यम बाट एकिकृत गरि शेयर सदस्यहरु माफ सन्तुलित ढंगले परिचालन गरि सदस्यहरुको आर्थिक तथा सामाजिक उत्थानमा सकारात्मक भूमिका निर्वाह गर्नुको साथै समग्र देशको अर्थतन्त्रमा समेत योगदान पुऱ्याउदै सदस्यहरुको समस्या समाधान गर्नको लागि "आर्थिक समस्याको हल बिश्वासिलो जनबल" भन्ने मुल नारालाई आत्मसाथ गर्दै सदस्यहरुको बृहत्तर हितमा लगानी गरि सदस्यहरुको आर्थिक उन्नती र विकासमा सहयोग गर्ने उदेश्यका साथ संचालन भएको यहाँहरुको संस्थाले आज नवौं वार्षिक साधारण सभा सम्पन्न गर्न गैरहेको छ। बिगतको बर्षमा झै यस बर्ष पनि कोभिड १९ को संक्रमण कायमै रहेकाले संक्रमणको जोखिमका कारण सबै शेयर सदस्यहरु आउन असमर्थ भएता पनि जोखिमबाट सुरक्षित भई यस कार्यक्रम संचालन गर्न सफल भएकोमा हामीहरु सबैलाई गौरवको अनुभुति भएको छ। कोभिड १९ को महामारी र लकडाउनको बिचमा पनि संस्थाले आफ्नो सेवालाई सुरक्षित तवरबाट निरन्तरता दिदै आएको यहाँहरु सबैलाई सर्वविदितै छ। संस्थाले लकडाउन तथा कोभिड १९ को भयावह अवस्थामा सदस्यमहानुभावहरुको भावना र आवश्यकतालाई मध्य नजर गर्दै विभिन्न सम्पर्क व्यक्तिहरु मार्फत सेवा प्रवाहलाई निरन्तरता दिएको समेत यहाँहरुलाई अवगतै छ। पछिल्लो समयको राजनीतिक घटना क्रमले देश राजनैतिक स्थायित्व तर्फ अधि बढ्ने अपेक्षामा तुसारापात भएको छ। सदस्य महानुभावहरुका लगानीका क्षेत्रहरु विस्तार भई लगानी योग्य वातावरणको निर्माण हुने अनुमानमा पटक–पटकको लकडाउनका कारण नराम्ररी प्रभावित भएको व्यहोरा यहाँहरु सबैमा जगजाहेर छ। जसको असर यस संस्थामा पनि परेको छ। कोभिड १९ ले गर्दा सदस्यहरुको व्यापार व्यवसाय ठप्प भई लगानी मैत्री वातावरण कम भएको हुनाले काम गर्न अप्ठ्यारो भएता पनि लगानीका अवसर हरुको सुक्ष्म अध्ययन गर्दै यस संस्थालाई सही रुपमा व्यवस्थापन गरि थप सबल बनाउदै लैजाने प्रण गर्दछु साथै संस्थालाई आगामी दिनमा सुरक्षित तरिकाले संचालन गर्न यहाँहरुको अमुल्य सुझाब, सद्भाव र सहयोयको पुर्ण अपेक्षा गर्दछु। संस्थाले आफ्नो सेवालाई थप आधुनिकिकरण गर्दै माइक्रो बैकिङ प्रणाली (Micro Banking System)मार्फत सम्पुर्ण कारोवारलाई सुरक्षित र सरलिकृत गरिएको छ। संस्थाले यस बर्ष भित्र नै SMS / Mobile Banking सेवा सुरु गर्ने लक्ष्य लिएको छ। यसैगरि संस्थाले हाल केन्द्रीय कार्यालय वडा नं २५ भेडासिं–केलटोल, काठमाण्डौंबाट साथै सदस्य सेवा केन्द्र वडा नं २६ सामाखुशी काठमाण्डौं र वडा नं. ७ चाबहिल काठमाण्डौं बाट थप सेवा सुबिधा दिदै आएकोमा अबको केही समय भित्रमा केन्द्रीय कार्यालय वडा नं २४ इन्द्रचोक, काठमाण्डौंमा स्थान्तरण गरि अझ प्रभावकारी तरिकाले सेवा सुविधा दिने व्यहोरा यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु। साथै यस संस्थाबाट सदस्यहरुलाई बचत तथा ऋणको अतिरिक्त विभिन्न विप्रेषण कम्पनिहरुको सहकार्यमा आन्तरिक तथा बाह्य रेमिट्यान्स सेवा सुविधा समेत उपलब्ध गराउँदै आएकोले सो सुबिधाको लाभ लिनुहुन सम्पुर्ण सदस्य महानुभावहरुलाई अनुरोध गर्दछु।

यस संस्थाले नियमन निकायबाट बिभिन्न समयमा जारि गरिएको सहकारी संचालनमा विकसित मापदण्डको पालना प्रति पूर्ण प्रतिवद्ध रहि सोहि अनुरुप कार्य संचालन गरिरहेकोले थप सुदृढ हुने अवसर मिलेको छ, साथै यस संस्थामा नियमन निकायबाट विभिन्न समयमा भएका निरिक्षण तथा अनुगमनबाट प्राप्त निर्देशनात्मक सुझावहरुको मनन गर्दै सम्पुर्ण सरोकारवालाहरुको मार्गदर्शन प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

अन्तमा आफ्नो कार्य व्यस्थताको बावजुद पनि अमुल्य समय प्रदान गर्नु भई यस गरिमामय सभामा प्रत्यक्ष अप्रत्यक्ष उपस्थिति जनाई सभाको गौरव बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहनु भएका सम्पुर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दै संस्थाको दिगो विकासको लागि यहाँहरुबाट आगामी दिनहरुमा अझ बढी सहयोग र सहभागिताको अपेक्षा राख्दै कोभिडको महामारी बाट बच्न स्वास्थ मापदण्डको पुर्ण पालना गरि हामी सबै स्वास्थ बनौं, खुशी बनौ, सुखी बनौं भन्दै पुनः एकपटक यहाँहरुलाई न्यायो स्वागत गर्दै आफ्नो मन्तव्य यहि टुङ्ग्याउने अनुमती चाहन्छु।

जय सहकारी

धन्यबाद

..........................

दामोदर रिजाल
प्रबन्ध निर्देशक

# टिप्पणी